मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक ४९ ● २०८२ साल पौष १८ गते शुक्रबार ● Friday 02, January 2026 ● सूर्योदय: बिहान ०६:५५ बजे ● सूर्यास्त: साँझ ५:२४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## बयानका लागि ओलीलाई बोलाइँदै

**मधेशदृष्टि**
**काठमाडौँ ।**
भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनसँग सम्बन्धित विषयमा जाँचबुझ गर्न गठित आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बयानका लागि पत्राचार गर्ने भएको छ । आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले बिहीबार सञ्चारकर्मीको प्रश्नको जवाफमा तत्कालीन गृहमन्त्री रमेश लेखकसँग बयान लिने काम सम्पन्न भएसँगै अब तत्कालीन प्रधानमन्त्री ओलीलाई बयानमा बोलाउन पत्रचार गर्न लागेको स्पष्ट गरे ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवम् तत्कालीन प्रधानमन्त्री ओलीले आयोगको कानूनी हैसियत र स्वच्छतामा प्रश्न उठाउँदै बयान दिन आयोगमा नजाने पक्षमा आफ्नो भनाइ सार्वजनिक गरिरहेको अवस्थामा आयोगले पत्राचार गरेको हो । यसैगरी आयोगलाई थप गरिएको समय सीमाभित्र प्रतिवेदन बुझाउने गरी आफूहरूले काम गरिरहेको उनले बताए ।
असोज ५ गतेको मन्त्रिपरिषद् बैठकबाट गठित तीन सदस्यीय आयोगको कार्यकाल आगामी माघ ५ गतेसम्मका लागि थप गरिएको छ ।

# वीरगंजका क्यासिनोमा नेपालीको निर्बाध प्रवेश
# २० लाख हारेको घटना सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको आदर्शनगरस्थित किङ क्यासिनोमा गैरकानूनी रुपमा नेपाली युवाको प्रवेश भइरहेको खुलासा भएको छ । क्यासिनोमा बुधबार राति बाराका एक युवाले करिब २० लाख रुपैयाँ हारेपछि नेपालीलाई खुलेयाम प्रवेशको घटना सार्वजनिक भएको हो ।
स्रोतका अनुसार, अंग्रेजी नयाँ वर्ष २०२६ को पूर्व सन्ध्यामा क्यासिनोभित्र विशेष मनोरञ्जन कार्यक्रम गरिएको थियो ।
कार्यक्रममा भारत, बिहारकी चर्चित अभिनेत्री अमरपाली दुबेसहित करिब आधा दर्जन महिला डान्सरले प्रस्तुति दिएका थिए । राति करिब १० बजेदेखि शुरु भएको डान्स कार्यक्रममा मदिराले लठ्ठ नेपाली युवकको ठूलो भीड थियो ।




अमरपाली दुबेले राति १२ बजे केक काट्दै नयाँ वर्षको स्वागत गरेकी थिइन् भने केही अश्लील भोजपुरी गीतमा नृत्य प्रस्तुत गरिएको प्रत्यक्षदर्शीहरूले बताए ।
त्यसपछि राति करिब २ बजेदेखि कार्यक्रम अझ उत्तेजक बन्दै गएको बताइएको छ । क्यासिनोमा बारा र पर्साका ग्रामीण क्षेत्रदेखि वीरगंज, कलैया, गौर र सिमरासम्मका नेपाली युवाको उल्लेख्य उपस्थिति थियो । यसका साथै एक दर्जनभन्दा बढी पाको उमेरका नेपाली पुरुष पनि क्यासिनोभित्र रमिरहेका थिए । यसैक्रममा बाराका एक युवकले २० लाख रुपैयाँ जुवामा हारेपछि, सेटिङमा हराएको भन्दै विवाद भएको थियो । विवादले उग्ररुप लिन थालेपछि क्यासिनो भित्र प्रहरी प्रवेश गरेको थियो ।
प्रचलित मौजुदा कानूनअनुसार नेपाली नागरिकलाई क्यासिनो प्रवेशमा प्रतिबन्ध छ । प्रतिबन्धका बाबजुद किङ क्यासिनोमा नेपाली खुलेआम कसरी प्रवेश गर्छन् भन्ने प्रश्न गम्भीर बनेको छ । स्थानीय बासिन्दाका अनुसार वीरगंजका क्यासिनोको अवैध कृयाकलापका कारण धेरै नेपाली युवा आर्थिक रूपमा बर्बाद भइसकेका छन् । कतिपयले सम्पत्ति गुमाएपछि अत्यन्तै पीडादायी अवस्था भोग्नु परेको तथ्य पनि बेलाबखत सार्वजनिक भइरहेका छन् । नेपाली नागरिकको प्रवेश, मदिरा सेवन, उत्तेजक कार्यक्रम र जुवाजन्य गतिविधि भइरहँदा पनि प्रहरी प्रशासनको प्रभावकारी निगरानी किन देखिँदैन ? सर्वसाधरणले प्रश्न गर्न थालेका छन् ।
के देशमा नियम–कानून सबैका लागि बराबर छैन ? पैसाको प्रभावले जे पनि सम्भव हुने अवस्था त बनेको होइन ? स्थानीय सरोकारवालाले क्यासिनोमा कडाइका साथ अनुगमन, दोषीमाथि कानूनी कारबाही र नेपाली युवालाई यस्तो जोखिमबाट जोगाउन तत्काल सरकारी हस्तक्षेप आवश्यक रहेको माग गरेका छन् ।

# वीरगंज–रक्सौल व्यापारिक सहकार्य सुदृढ पार्न उद्योगी व्यवसायीको छलफल




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिज्य संघ र भारतको रक्सौल चेम्बर अफ कमर्शबीच आपसी व्यापारिक सम्बन्ध सुदृढ गर्ने उद्देश्यले स्वागत तथा सौहार्दपूर्ण भेटघाट भएको छ । संघको आयोजनामा सम्पन्न कार्यक्रममा संघका कार्यवाहक अध्यक्ष माधव राजपालले रक्सौल चेम्बर अफ कमर्शका पदाधिकारीलाई स्वागत गरेका थिए ।
राजपालले नेपाल–भारत सीमावर्ती क्षेत्र रक्सौलमा दिनप्रतिदिन बढ्दै गएको सवारी जाम, अव्यवस्थित गाडी पार्किङ, नेपाली नागरिकप्रति भारतीय सुरक्षाकर्मीको असमान व्यवहार र दृष्टिकोण तथा रक्सौल क्षेत्र लागुऔषध कारोबारको अखडा बन्दै गएको विषयप्रति गम्भीर चिन्ता व्यक्त गरेका थिए । यी समस्याका कारण सीमा क्षेत्रमा आवतजावत गर्ने व्यापारी, सर्वसाधारण तथा यात्रु प्रत्यक्ष रूपमा प्रभावित भइरहेको उल्लेख गर्दै उनले सम्बन्धित निकायहरूबीच समन्वय गरी छिटोभन्दा छिटो दीर्घकालीन समाधान खोजिनु आवश्यक रहेको धारणा राखे ।
मन्तव्यक्रममा रक्सौल चेम्बर अफ कमर्शका अध्यक्ष राकेश कुमार कुश्वाहाले रक्सौल क्षेत्रमा देखिएको सवारी जामको स्थायी समाधानका लागि ओभरब्रिज निर्माणसम्बन्धी योजना स्वीकृत भइसकेको र छिट्टै निर्माण कार्य शुरु हुने जानकारी दिए । साथै, लागुऔषध कारोबार नियन्त्रणका लागि रक्सौलका प्रहरी प्रमुख स्वयम् सक्रिय रहेको बताउँदै हालको अवस्था अघिल्लो समयको तुलनामा धेरै हदसम्म सुधारिएको दाबी गरे । नेपाली नागरिकप्रति भारतीय प्रहरीको व्यवहारबारे उठाइएका गुनासोप्रति संवेदनशीलता व्यक्त गर्दै उनले यस विषयमा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक पहल गरिने प्रतिबद्धता जनाए ।
कार्यक्रममा रक्सौल चेम्बर अफ कमर्शका महासचिव शम्भु प्रसाद चौरसियाले सीमा क्षेत्रका साझा समस्या समाधानका लागि नेपाल–भारतका उद्योगी तथा व्यवसायीबीच निरन्तर संवाद, आपसी विश्वास र सहकार्य अपरिहार्य रहेको बताए । कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका तर्फबाट महासचिव शिवजी प्रसाद साह, सचिव प्रेमचन्द्र गोयल, सहसचिव अनुप अग्रवाललगायत पदाधिकारीको उपस्थिति थियो ।
त्यसैगरी रक्सौल चेम्बर अफ कमर्शका तर्फबाट वरिष्ठ उपाध्यक्ष नितिन कुमार, उपाध्यक्ष दिनेश प्रसाद, गिरिधारीलाल श्रीवास्तव, रमेश कुमार गुप्ता, कार्यक्रम संयोजक विश्वनाथ प्रसाद लगायतका प्रतिनिधिको उल्लेखनीय सहभागिता थियो ।
कार्यक्रमको अन्त्यमा वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्ष आशिष कुमार लाठले धन्यवाद ज्ञापन गर्दै यस्ता भेटघाटले सीमा क्षेत्रको व्यापार, आवागमन तथा आपसी सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै आउँदा दिनहरुमा समेत यसकिसिमको छलफल र अन्तरसम्वाद हुनु पर्नेमा जोड दिए ।

# दुई महामन्त्रीको उद्घोषः कांग्रेसमा अब विशेष महाधिवेशन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले पार्टीको नियमित महाधिवेशन स्थगित गरिएको घोषणा गरेका छन् । बिहीबार साँझ संयुक्त विज्ञप्ति जारी गर्दै उनीहरूले केन्द्रीय कार्यसमितिको मंसिर १५ गतेको बैठकबाट तय गरिएको नियमित महाधिवेशनको कार्यतालिका आगामी बैठकबाट अनुमोदन गर्ने गरी हाललाई स्थगन गरिएको जानकारी दिए । विज्ञप्तिमा क्रियाशील सदस्यता नवीकरण अन्तिम चरणमा पुगेको उल्लेख छ । हालसम्म ५ लाख ७९ हजार ३ सय ९५ क्रियाशील सदस्यता नवीकरण सम्पन्न भएको र बाँकी चार जिल्लामा प्रक्रिया टुंगिएपछि कुल संख्या ६ लाख नाघ्ने अनुमान गरिएको छ । यस अवधिमा करिब १ लाख ९५ हजार नयाँ सदस्यता इन्ट्री भइसकेको जनाइएको छ । पुस २६ गतेसम्म नियमित महाधिवेशन सम्पन्न गर्ने लक्ष्यअनुसार आवश्यक तयारी अघि बढाउन नसक्दा सम्पूर्ण कार्यतालिका निष्प्रभावी बनेको भन्दै उत्पन्न अन्योल हटाउन वक्तव्य जारी गरिएको उल्लेख छ । नियमित महाधिवेशन स्थगित रहे पनि नयाँ क्रियाशील सदस्यता इन्ट्री प्रक्रिया निरन्तर जारी राख्न निर्देशन दिइएको छ ।



विज्ञप्तिमा पार्टी विधानको दफा १७(२) अनुसार ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिद्वारा माग गरिएको विशेष महाधिवेशन वैधानिक दायित्व भएकाले त्यसतर्फ अघि बढ्नु अपरिहार्य भएको स्पष्ट पारिएको छ । सम्भव भएसम्म सहमतिका आधारमा प्रक्रिया अघि बढाइने पनि महामन्त्रीद्वयले जनाएका छन् ।
यसैबीच, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले दुई महामन्त्री र कार्यवाहक सभापतिलाई डाकेका छन् । विशेष महाधिवेशन आयोजना गर्ने भन्दै भृकुटीमण्डपमा हल बुक गरेपछि देउवाले महामन्त्रीद्वयसँग छलफल गर्न बैठक डाकेका हुन् । सभापति देउवाले विशेष महाधिवेशनको कार्यविधि, निर्देशिकका केही पनि नभएको भन्दै थप विवाद आउने भएकाले नियमित महाधिवेशनमा नै जानुपर्ने बताउँदै आएका छन् ।
यता, महामन्त्रीद्वयले भने पुस २८ अघि नियमित महाधिवेशन सम्भव नहुने भएपछि विशेष महाधिवेशन बैधानिक बाध्यता भएको बताउँदै आएका छन् । उनीहरूले नियमित महाधिवेशन सम्भव नहुनासाथ विशेष महाधिवेशनको प्रस्ताव 'एक्टिभ' हुने बताउँदै पुस २७ र २८ का लागि भृकुटीमण्डपको हल बुक गरेका छन् ।

# बागमतीका मुख्यमन्त्री हेलिकप्टर चढेर आउँदा मधेश तरंगित

**मधेशदृष्टि**
**सिरहा ।**
सरकारले लिएको मितव्ययिताको नीतिको धज्जी उडाउँदै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बानिया हेलिकप्टर चढेर वनभोज खान सिरहा आएका छन् । कांग्रेसका जिल्ला सभापति रामचन्द्र यादवले आयोजना गरेको वनभोजमा उनी हेलिकप्टरमा पुग्दा स्थानीयलाई रमिता भएको थियो ।



अंग्रेजी नयाँ वर्षका अवसरमा सिरहा जिल्लाको धनगढीमाई नगरपालिका वडा १४ सर्रे अम्बासमा वनभोज आयोजना गरिएको थियो । अर्कै प्रदेशका मुख्यमन्त्री बानियाँ दिउँसो करिब ३ बजे वनभोजस्थलमा पुगेका हुन् । स्थानीय अर्जुन थपलिया आफ्नो फेसबुकमा यसको भिडिओ पोस्ट गरेका छन् ।
थपलियाका अनुसार मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादव पनि पिकनिकमा सहभागी भए । यादव आफ्नो कारगेटसहित गएको थपलियाको भनाइ छ । मुख्यमन्त्री आउने भनिएपछि करिब दुई दर्जन सुरक्षाकर्मी वनभोजस्थलमा खटिएको उनले बताएका छन् ।
मुख्यमन्त्रीको हेलिकप्टर आउँदा पिकनिकमा सहभागी स्थानीय रमाएका थिए ।
हेलिकप्टर हेर्न तँछाडमछाड भएको थियो । थपलियाले भने, 'यहाँका जनताले यति नजिकैबाट हेलिकप्टर देख्न पाएका थिएनन् । यही नै एउटा उपलब्धि भयो ।' हेलिकप्टर कसको खर्चमा ल्याइएको हो भन्ने खुलेको छैन ।
बागमतीका मुख्यमन्त्री बानिया हेलिकोप्टर चढेर वनभोज खान सिराहा पुगेको उनको सचिवालयले पनि स्वीकारेको छ । तर, हेलिकोप्टरको खर्च मुख्यमन्त्रीको आफ्नै भएको सचिवालयको दाबी छ । मुख्यमन्त्री बानियाका प्रमुख स्वकीय सचिव मिलन पुडासैनीले यस्तो दाबी गरेका हुन् । जलवायु सम्बन्धी कार्यक्रममा भाग लिन सिन्धुपाल्चोकको गुम्बाडाँडा जाँदा हेलिकप्टर लगिएको उनले बताए । त्यहाँ पुगेपछि सिराहाबाट कांग्रेस सभापति रामचन्द्र यादवको निम्तो आएको उनको भनाइ छ ।
पुडासैनीले भने, 'सभापतिज्यूले आज कांग्रेसको कार्यक्रम छ, आइदिनुपर्‍यो भनेर बोलाउनुभयो । पार्टी सभापतिले बोलाएपछि नजाने कुरा भएन ।
त्यसपछि हेलिकप्टर लिएर जानुभएको हो ।'
कार्यक्रम स्थलमा पुगेपछि मात्रै पिकनिक रहेछ भन्ने थाहा भएको समेत उनले दाबी गरेका छन् । 'हेलिकप्टरमा घुम्दाको सबै खर्च मुख्यमन्त्रीज्यूको व्यक्तिगत हुन्छ, सरकारलाई भार पर्दैन,' उनले थपे ।

# कांग्रेसको समानुपातिक सूचीलाई लिएर मधेशमा असन्तुष्टि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विघटित प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले समानुपातिकतर्फको बन्दसूचीमा नेताका नातेदारलाई प्राथमिकता दिइएपछि मधेशमा आलोचना भइरहेको छ । मंगलबार बुझाइएको सूचीमा श्रीमती, छोराछोरी, बहिनी, ससुरा, भाञ्जीदेखि पीएसम्म समानुपातिक उम्मेदवार बनाइएपछि मधेशमा समानुपातिक सूचीलाई लिएर कांग्रेसी नेताहरुले आलोचना गरिरहेका छन् ।
समानुपातिक सूचीमा नेपालको प्रथम राष्ट्रपति तथा कांग्रेसका पूर्वमहामन्त्री डा. रामवरण यादवले छोरा डा. चन्द्रमोहन यादवको नाम सूचीमा राख्न सफल भएका छन् । डा. चन्द्रमोहन कांग्रेसका केन्द्रीय सदस्य पनि हुन् ।
त्यस्तै पूर्वउपसभापति विमलेन्द्र निधिले भाञ्जी निनु कर्णको नाम समानुपातिक सूचीमा राखेका छन् ।
कर्णको नाम सूचीको २५ औँ नम्बरमा छ । निधिले कर्णको नाम समानुपातिक सूचीमा राखेपछि कांग्रेस नेता जीवनाथ चौधरीले सामाजिक सञ्जालमा असन्तुष्टि पोखेका छन् ।
उनले निधिलाई सामान्य जिज्ञासा भन्दै सोधेका छन्, 'तपाईंसँगै जेल–नेल बसेका, लाठी खाएका, यातना सहेका, प्रजातन्त्रका लागि जीवन


निनु कर्ण
भाञ्जी
(बिमलेन्द्र निधि)


चन्द्रमोहन यादव
छोरा
(पूर्वराष्ट्रपति रामवरण यादव)

अर्पण गरेका यसै क्षेत्रका ललन चौधरी, प्रफुल्ल राज घिमिरे, युवराज खाती, राज किशोर सिंह, राम भरत साह, वैद्यनाथ साह, धीरेन्द्र मोहन झा, निर्मल चौधरी, देवचन्द्र झा, अनिता श्रीवास्तव (अखिलानन्द श्रीवास्तवकी बुहारी), दिगम्बर राय, विभास लाभ, शम्भु नाथ झा मात्र होइन—शहीद दुर्गानन्द झा, नेवि नदाफ, सोने लाल पासवान, महावीर शर्मा, अखिलानन्द श्रीवास्तव, युगेश्वर शर्मा, भुवनेश्वर महासेठ, बलभद्र लाल कर्ण जस्ता प्रजातन्त्र सेनानीहरू, जो जीवनभर लोकतन्त्रका लागि लडे, कारागारमै सास फेरे, गरिबीमै मृत्युवरण गरे—उनीहरूले के पाए ? न उनीहरूले केही पाए, न त उनीहरूका सन्तानले । आज त तिनका छोरा–छोरी, श्रीमतीहरूको अवस्था के छ भनेर सोधपुछ गर्ने नेता पनि भेटिँदैन ।
गाँस, बास र कपास बिना बाँचिरहेका ती परिवारहरूको पीडा कसैको सूचीमा परेन । व्यक्तिगत रूपमा म निनु कर्णलाई बधाई दिन चाहन्छु र उनको उज्ज्वल भविष्यको कामना पनि गर्दछु । यहाँ प्रश्न व्यक्तिको होइन, प्रणालीको हो ।
योग्यता, योगदान र बलिदान भन्दा नाता–सम्बन्ध ठूलो बन्नु नै पीडादायक हो ।'

**• सूचीमा डा. चन्द्रमोहन यादवको नाम दोहरियो**

नेपाली कांग्रेसले समानुपातिकतर्फको बन्दसूची बुझाउँदा लापरबाही गरेको पाइएको छ ।
मंगलबार कांग्रेसले निर्वाचन आयोगमा बुझाएको सूचीमा पूर्वराष्ट्रपति डा. रामवरण यादवका छोरा डा. चन्द्रमोहन यादवको नाम दुई ठाउँमा छ । कांग्रेसले बुझाएको सूचीको ३१ नम्बर र ७८ नम्बरमा डा. यादवको नाम राखिएको छ ।

# बाटोमा भेटिएको ८१ हजार रकम इमानदारीपूर्वक फिर्ता

**सुर्खेत ।**
सुर्खेत वीरेन्द्रनगर–९ का टेकबहादुर कुमालले घरको गर्जो टार्न भन्दै आफन्तबाट ८१ हजार रुपैयाँ रकम सापटी लिएर आए । वीरेन्द्रनगर बजारबाट रकम लिएर घर जाँदै गर्दा उनको पैसा बाटोमै खसेछ । घरमा जाँदा मात्रै पैसा हराएको थाहा पाए ।

घर खर्च टार्न र छोराछोरीको पढाइमा खर्चका लागि ऋण काढेर ल्याएको रकम हराएपछि कुमाल आपतमा परे । अब हराएको रकम काहाँ खोज्ने ? भनेर तनावमा परेका कुमालले आफू हिँड्दै आएको बाटोभरि दिनभरि हराएको पैसा खोज्नुभयो, तर कतै पत्ता लागेन ।

निरास भएर साँझमा घर फर्किएका उनले अब हराएको रकम नत घरको गर्जो टार्नलाई भयो, न त कुनै काममा प्रयोग नै भयो । तनावमा बसेका कुमालका आफन्तले रकम भेटिएको कुरा फेसबुकमा भेट्टाए । कुमालको ८१ हजार रुपैयाँ रकम वीरेन्द्रनगरमा बस्दै आएका लेकबेँसी नगरपालिका सुर्खेतका प्रेमबहादुर रास्कोटीले भेट्टाएका थिए । उनले सुरक्षित रुपमा राखेको रकम स्थानीय रेडियो भेरी एफएममा बुझाए । अनि रेडियो भेरीका पत्रकार मधुवन विसीको रोहबरमा रकम कुमाललाई नै फिर्ता बुझाइएको छ ।

पछिल्लो समय समाजमा खराब व्यक्ति मात्रै हुन्छन् भन्ने भाष्य निर्माण भइरहेका बेला प्रेमबहादुरले देखाएको इमानदारिताप्रति प्रशंसा भएको छ । उनले इमानदारिता, संस्कार र मानवीय मूल्यलाई व्यवहारमै उतार्दै समाजमा सकारात्मक सन्देश दिएका छन् ।

रास्कोटीले भने, 'मैले बाटोमा नगद भेट्दा केही क्षण सोचें, तर त्यो पैसा मेरो होइन भन्ने कुराले मनले स्वीकार गरेन । त्यो रकम कसैले अत्यन्तै आवश्यकतामा राखेको हुन सक्छ, त्यसैले जसको हो उसैलाई फिर्ता गर्नु नै सही निर्णय ठानेँ । इमानदारीले नै आत्मसन्तुष्टि दिन्छ ।'

कुमालले रास्कोटीप्रति धन्यवाद व्यक्त गर्दै भने, 'मैले हराएको पैसा भेट्टिन्छ भन्ने आशा लगभग गुमाइसकेको थिएँ । यस्तो इमानदार व्यवहारले समाजप्रति विश्वास अझै बढाएको छ ।'

नगद रकम टेकबहादुर कुमाललाई हस्तान्तरण गरिएको हो । उनले देखाएको उदाहरणले अन्य व्यक्तिलाई सत्य, नैतिकता र जिम्मेवारीप्रति सजग बन्न प्रेरित गरेको छ ।



**आलु बालीमा कीटनाशक औषधिः** महोत्तरीको जलेश्वर नगरपालिका वडा नं ७ बेला गाउँका किसान आलु बालीमा कीटनाशक औषधि छर्किदै । तस्बिरः रासस

# अब राहदानी छपाइसँगै वितरण साविकअनुसार

**काठमाडौँ ।**
राहदानी विभागले राहदानी पुस्तिकाको आपूर्ति र छपाइसँगै राहदानीको वितरण साविकअनुसार अर्थात् जेन्जी आन्दोलन पहिला भएको व्यवस्थालाई तालिकाअनुसार सम्बन्धित कार्यालयमा पठाइने भएको छ ।

अब उप्रान्त सम्बन्धित जिल्ला–इलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोगबाट राहदानीका लागि आवेदन दिने आवेदकको राहदानी समयमै छपाइ गरी पूर्ववत् रूपमा पठाउने व्यवस्था मिलाइएको विभागका सूचना अधिकारी केशवराज पन्थीले जानकारी दिए ।

तत्काल राहदानी आवश्यक परी विभागमा आवेदन दिन परेमा आवेदकको मागअनुसार पर्याप्त भेट समय खुला गरिएकाले आवेदन दिँदा आफूले रोजेको समयमा विभागमा उपस्थित भई सेवा प्रवाहमा सघाउनका लागि सम्पूर्ण सेवाग्राहीप्रति विभागले अनुरोध गरेको छ ।

जिल्ला–इलाका प्रशासन कार्यालयबाट कम्तीमा गत मङ्सिर १५ गतेसम्म आवेदन दिने आवेदकको राहदानी तयार गरी पठाइ सकिएको र त्यसपछि आवेदन दिने आवेदकको पुस २५ गतेसम्ममा पठाउने व्यवस्था मिलाइएको विभागले जनाएको छ ।

विभागले विदेशस्थित नेपाली नियोगबाट मङ्सिर मसान्तसम्म आवेदन दिने आवेदकको राहदानी वैयक्तिकरण गरी पठाइ सकिएको र अन्य आवेदकको हकमा नियमित तालिकाअनुसार पठाउने व्यवस्था मिलाउनुका साथै यही महिनाको २५ गते पश्चात साविककै समय तालिकाअनुसार एक–दुई हप्ताको अन्तरमा छपाइ गरी सम्बन्धित कार्यालयमा पठाइने व्यवस्था मिलाइएको छ ।

# मनाइयो राष्ट्रिय पोसाक तथा टोपी दिवस

**काभ्रे ।**
प्रत्येक वर्ष जनवरी १ तारिखका दिन मनाइने राष्ट्रिय पोशाक तथा टोपी दिवस बिहीबार देशभर मौलिकताका लागि चेतना जगाउँदै विभिन्न कार्यक्रमसहित मनाइएको छ ।

दिवस मनाउने क्रममा मुख्य सहरमा राष्ट्रिय पोसाक तथा टोपी लगाएर प्रदर्शन गरिएको थियो । विसं २०७० पुस १७ गते काभ्रेपलाञ्चोकको बनेपामा केही युवाको सक्रियतामा शुरु भएको अभियानले अहिले देशव्यापी स्वरुप ग्रहण गरेको छ ।

यो दिवस पछिल्लो समय राष्ट्रिय धरोहर संरक्षण प्रतिष्ठान नेपाललगायत संस्थाको नेतृत्वमा मनाउन थालिएको छ ।

दिवसका अवसरमा पुरुषले दौरा, शुरुवाल र महिलाले गुन्यू, चोली लगाएर प्रदर्शन गरेका थिए । दिवसका कार्यक्रममा पछिल्ला वर्षहरुमा सहभागिता बढ्न थालेको प्रतिष्ठानका अध्यक्ष राजानन्द बजगाईं माण्डव्यले बताए । पोशाकसँगै देशका सबै मौलिक संस्कृतिको संरक्षण गरिनुपर्ने अभियानमा लागेको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानले हाल करिब चार दर्जन जिल्लामा शाखा विस्तार गरेको जनाएको छ । वेषभूषा, भाषाशैली एवम् संस्कृतिका लागि सबै नेपाली मौलिक हुनुपर्ने लक्ष्यका साथ यो अभियान चलाइएको प्रतिष्ठानले जनाएको छ । यो १३औँ पोसाक तथा टोपी दिवस हो ।

विश्वभर फैलिएका सबै नेपालीलाई समेट्दै दिवसलाई अन्तरराष्ट्रिय नामकरण गरेको जनाइएको छ । पश्चिमा संस्कृतिले गाँज्दै गएपछि जनवरी १ तारिखकै दिन यो दिवस मनाउन थालिएको प्रतिष्ठानले जनाएको छ । राष्ट्रवादको नारा लगाउनेले नै नेपाली संस्कृतिलाई पन्छाउने गरेकाले चेतनामूलक जागरणका लागि यो दिवसले योगदान गर्ने विश्वास लिइएको छ ।

# दुई महिने जुत्ता चप्पल मेला शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
बिएफ डेरहिलको आयोजनामा वीरगंजमा दुई महिने जुत्ता चप्पल मेला शुरु भएको छ । वीरगंजको विर्ता बजारमा बिहीबार दिउँसोदेखि जुत्ता मेला शुरु भएको हो । मेलामा महिला, पुरुष, बालबालिका र जेष्ठ नागरिकका लागि समेत अति उपयोगी विभिन्न प्रकारका जुत्ता चप्पल राखिएको छन् ।

जुत्ताहरु बलियो, गुणस्तरीय र टिकाउ हुने किसिमको रहेको आयोजक संस्था बिएफ डेरहिलको दाबी छ । बढ्दो जाडोलाई मध्यनजर गर्दै बिएफ डेरहिलले बितेको ६ वर्ष पहिले वीरगंजमा जुत्ता चप्पल मेला आयोजना गरी ख्याती कमाएको थियो । हरेक किसिमका जुत्ता चप्पलमा बजारको प्रचलित बिक्रीदर भन्दा पचास प्रतिशत छुटमा उपलब्ध हुने मेलाको बजार व्यवस्थापन पक्षले सार्वजनिक रुपमा जानकारी दिएको छ ।

# 'लगानीको वातावरणबिना समृद्धि सम्भव छैन'

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले समृद्धिका लागि लगानीको वातावरण निर्माण हुनुपर्ने बताएका छन् । उनले जबसम्म लगानीको वातावरण बन्दैन, तबसम्म समृद्धिको आकांक्षा पूरा हुन नसक्नेसमेत स्पष्ट पारेका छन् । लगानीमैत्री वातावरण सिर्जना गर्नु राज्यको प्रमुख दायित्व भएकाले यसलाई सरल, सहज र विश्वासयोग्य बनाउनुपर्ने मुख्यमन्त्री आचार्यले उनको भनाइ छ । बुटवलमा सञ्चालन भएको राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव–२०८२ को बिहीबार समापन कार्यक्रममा उनले लगानीको वातावरण मिलाउन नसकिए देशको उन्नति, समृद्धि र विकास सम्भव नहुने बताए ।

'प्रदेश सरकारले लगानीको वातावरण बनाउने विषयलाई गम्भीर रूपमा बुझेको छ । उद्योगी व्यवसायीले भोग्ने समस्या समाधान गर्न प्रदेश सरकार सधैँ तयार छ,' मुख्यमन्त्री आचार्यले भने ।

उद्योगी व्यवसायीको मनोबल कमजोर बनाउने काम कसैले गर्न नहुने बताउँदै मुख्यमन्त्री आचार्यले प्रदेश सरकार सधैँ उद्योगी र व्यवसायीको पक्षमा आवाज उठाउँदै आएको बताए । बुटवललाई आर्थिक हबको रूपमा विकास गर्न उद्योगी व्यवसायीको योगदान आगामी दिनमा निरन्तर रहने विश्वास व्यक्त गर्दै उनले प्रदेश सरकार सधैँ उद्योगी व्यवसायीको पक्षमा उभिने स्पष्ट पारे । 'उद्योगी व्यवसायीले भोग्ने कठिनाइ समाधान गर्न प्रदेश सरकार साथमै छ । सधैँ अग्रणी मोर्चामा उभिएको छ,' उनले भने ।

रुपन्देही उद्योग सङ्घको आयोजनामा सञ्चालन भएको महोत्सवको समापन कार्यक्रममा नेकपा (एमाले) लुम्बिनी प्रदेश संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठ, प्रदेशसभा सदस्य विष्णु पन्थी, जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाइ, बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रा अर्याल, रुपन्देही व्यापार सङ्घका अध्यक्ष प्रकाश ढकाल, रुपन्देही उद्योग सङ्घका पूर्वअध्यक्ष बाबुराम बोहोरा, नेपाल पत्रकार महासङ्घ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

महोत्सव यही पुस ३ गतेदेखि शुरु भएको थियो । महोत्सवमा स्वदेशी उद्योगबाट उत्पादित सामग्रीका ४ सय ५० व्यावसायिक कक्ष रहेका थिए । महोत्सव अवधिभर करिब आठ लाख दर्शकले अवलोकन गरेको र करिब ३० करोड रुपैयाँको कारोबार भएको समापन समारोहमा महासचिव सुमन बस्यालले जानकारी दिए ।

# जङ्गल फाँडेर सुन्तलाखेती विस्तार

**पर्वत ।**
बिहादी गाउँपालिका–१ क्यूडाँडाका गणेशबहादुर गुरुङले सात वर्षदेखि व्यावसायिक सुन्तलाखेती गर्दै आएका छन् । बाँझो र जङ्गलले भरिएको खेतबारीमा झाँडी फाँडेर उनले सुन्तलाखेती लगाएका हुन् ।

करिब एक सय रोपनी क्षेत्रफलमा रु एक करोड लगानी गरेर गुरुङले सुन्तलाखेती गरेका हुन् । उनको बगैँचामा तीन हजार २०० सुन्तलाका बोट छन् । तीमध्ये अहिले करिब ५० प्रतिशत बोटले फल दिन थालेका उनले जानकारी दिए । स्थानीय 'बिजु' जातका बिरुवा लगाएको बताउँदै गुरुङले शुरुमा परीक्षणका रूपमा खेती गरे पनि पछिल्लो दुई वर्षदेखि व्यावसायिक उत्पादन गर्न थालेको जानकारी दिए । उनकाअनुसार गत वर्ष पाँच लाख रुपैयाँ आम्दानी भएको थियो ।

'पाकेका सुन्तला टिपेर बजार पठाउन शुरु गरेका छौँ, अहिले नै कति आम्दानी हुन्छ भन्ने यकिन भइसकेको छैन,' कुश्माबजारमा आयोजित पर्वत महोत्सवमा बच्छेश्वर कृषि तथा पशुपक्षी फार्मको स्टल सञ्चालन गर्नुभएका गुरुङले भने, 'खेर गएको माटो सदुपयोग गरी गाउँमा प्रशस्त आम्दानी गर्ने उद्देश्यले सुन्तला लगाएको हुँ ।' उनका अनुसार फार्ममा एउटै सुन्तला तीन सय



५० ग्राम सम्मका फलेका छन् । ठूला र आकर्षक गोटा भएकाले प्रतिकिलो रु एक सय ५० मा बिक्री भइरहेको गुरुङले जानकारी दिए । गाउँबाट थोक विक्रेतालाई भने एक सय २० रुपैयाँमा बिक्री गर्ने गरेको उनले बताए । फार्मसम्म पुग्ने सडकको अवस्था जोखिमयुक्त भएकाले सुन्तला ढुवानीमा समस्या परेको उनको भनाइ छ ।

'मुस्किलले फार्मभन्दा केही तलसम्म सडक पुगेको छ, तर कच्ची सडक भएकाले ठूला सवारीसाधन आउनजान नसक्दा बजार पठाउन समस्या हुन्छ,' गुरुङले भने । उनले सुन्तलासँगै निबुवा, कागती र बेसार पनि लगाउनुभएको छ । कागती र निबुवाको चुक तथा अमिलो र बेसारको धुलो घरमा तयार गरेर बिक्री गरिरहेको उनले बताए ।

व्यावसायिक कृषिमा लागेको छोटो समयमै निर्माण व्यावसायबाट भन्दा कृषि कर्मबाट प्रश्शस्त आम्दानी गर्न सफल भएको उनको भनाइ छ । 'यो पेसामा पहिलेदेखि लाग्नुपर्ने रहेछ । अहिले पनि ढुवानीको भने समस्या छ । सडक सुविधा सहज भएमा ढुवानीको समस्या अन्त्य हुने थियो,' उनले भने ।

फार्म शुरु गरेपछि कृषि ज्ञान केन्द्रले बिरुवा र ढुवानीमा अनुदान दिनुका साथै बिहादी गाउँपालिकाले क्यारेटलगायत आवश्यक सामाग्री सहयोग गरेको गुरुङले जानकारी दिए । उनले बगैँचामा रहेका सबै बोटले फल दिँदा वार्षिक ५० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्न सकिने बताए । एक पटक लगानी गरेपछि वर्षौंसम्म आम्दानी लिन सकिने सुन्तला वास्तवमै सुनजस्तै फल रहेको उनको अनुभव छ । सडकको पहुँच पु¥याइदिन पटकपटक स्थानीय सरकारलाई अनुरोध गरे पनि सुनुवाइ नभएको गुरुङले गुनासो गरे । सडकको सहज पहुँच पुग्ने हो भने बगैँचालाई अझै आधुनिक किसिमले विस्तार गर्ने योजना रहेको उनले बताए । गाउँमै रहेको माटोमा पसिना बगाउने हो भने रोजगारी र आम्दानीका लागि विदेश पलायन हुनु नपर्ने उनको भनाइ छ । रासस

# हाजिरी जवाफ प्रतियोगतामा याज्ञवल्क्य प्रथम



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तथ्याङ्क दिवसमा आयोजित हाजिरी जवाफ प्रतियोगितामा उत्कृष्ठ प्रदर्शन गर्दै याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयले (ज्ञानकूप) प्रथम स्थान हासिल गरेको छ ।

तथ्याङ्क दिवस २०८२ को अवसरमा आयोजित हाजिरी जवाफ प्रतियोगितमा सहभागि भएका १६ सामुदायिक तथा संस्थागत विद्यालयमा सबैभन्दा उत्कृष्ठ प्रदर्शन गर्दै याज्ञवल्क्यले प्रथम स्थान हासिल गरेको हो ।

'आधिकारी तथ्याङ्क, पारदर्शी शासन' मूल नाराका साथ जनकपुरधाम उपमहानगरपालिका क्षेत्र भित्रका १६ सामुदायिक तथा निजी विद्यालयबीच भएको प्रतिस्पर्धामा सबैभन्दा उत्कृष्ठ प्रदर्शन गर्दै याज्ञवल्क्य संस्कृत माविले (ज्ञानकूप) प्रथम भएको तथ्याङ्क कार्यालय धनुषाका प्रमुख शिवनारायण महतोले जानकारी दिए । हाजिरस्जवाफ प्रतियोगितामा क्रमश दोश्रो राजर्षि जनक माध्यमिक विद्यालय, तेश्रो हिमाली ईङ्गलिश बोडिङ्ग स्कुल र सान्तवना पुरस्कार सिद्धार्थ शिशु सदनले प्राप्त गरेको छ । प्रतियोगितामा विजेता स्कुललाई नगदसहित ट्रफि, मेडल र प्रमाणपत्रले सम्मान गरिएको थियो ।

# भू–क्षय रोक्न स्याली नदीमा तटबन्ध निर्माण

**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–६ करौलमा भू–क्षय नियन्त्रणका लागि स्याली नदीमा तटबन्ध निर्माणका तीनवटा आयोजना अघि बढाइएका छन् । योसँगै नदीका विभिन्न खण्डमा तटबन्ध निर्माण तीव्र रूपमा भइरहेको छ ।

शुक्लाफाँटा–६ का वडाध्यक्ष दानसिंह ऐरका अनुसार जनताको तटबन्ध कार्यालयमार्फत ८० लाख रुपैयाँ लागतमा १ सय ५० मिटर, सङ्घीय आयोजनाअन्तर्गत रु पाँच लाख लागतमा २५ मिटर र प्रदेश सरकारको आयोजनाअन्तर्गत १५ लाख रुपैयाँ लागतमा ५० मिटर तटबन्ध निर्माण भइरहेको छ । टोटी नालामा १० लाख रुपैयाँभन्दा बढीको लागतमा करिब ४० मिटर तटबन्ध निर्माणको तयारी गरिएको उनले जानकारी दिए ।

वडाध्यक्ष ऐरले वर्षाका बेला तीव्र भू–क्षय हुँदै आएको क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी तटबन्ध निर्माण अघि बढाइएको बताउँदै दोस्रो प्राथमिकतामा सार्वजनिक जग्गा तथा बगर संरक्षण क्षेत्रलाई समेटिएको उल्लेख गरे । स्थानीय बन्दा रानाले स्याली नदीले बर्सेनि वर्षातका बेला जग्गा कटान गर्दा ठूलो समस्या भोग्नु परेको भन्दै अब समस्या समाधान हुने विश्वास व्यक्त गरे । भू–क्षयको समस्या वडा कार्यालयमा राखेपछि वडाध्यक्षसहित जनप्रतिनिधिको पहलमा तटबन्ध निर्माण हुन थालेको उनको भनाइ छ ।स्याली नदीमा निर्माण भइरहेका तटबन्ध आयोजनाले सार्वजनिक सडक जोगिनुका साथै दुई सयभन्दा बढी स्थानीयको जग्गा भूक्षयबाट सुरक्षित हुने अपेक्षा गरिएको छ ।

# पर्सामा ३ लाख ७६ हजार मतदाता

**मधेशदृष्टि**
**वीरगंज ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा पर्सा जिल्लाबाट ३ लाख ७६ हजार भन्दा बढी मतदाताले मतदान गर्ने भएका छन् । जिल्ला निर्वाचन कार्यालय पर्साका अनुसार, २०८२ फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा गर्ने कूल मतदाताको संख्या ३ लाख ७६ हजार ५ सय १३ पुगेको छ । तीमध्ये पुरुष मतदाता २ लाख १२ हजार ७७, महिला मतदाता १ लाख ६४ हजार ४ सय २१ र अन्य लिङ्गका १५ जना छन् ।

चार वटा निर्वाचन क्षेत्रमध्ये निर्वाचन क्षेत्र नं. ३ मा सबैभन्दा बढी ९६ हजार ५ सय ४२ मतदाता छन् । त्यसपछि क्षेत्र नं. ४ मा ९५ हजार २ सय १३, क्षेत्र नं. २ मा ९५ हजार १ सय २० र क्षेत्र नं. १ मा सबैभन्दा कम ८९ हजार ६ सय ३८ मतदाता छन् ।

# स्रोत नखुलेको नगद सहित तीन जना पक्राउ

**पर्सा ।**
वीरगंज महानगरपालिका–१० मकालु चोकबाट स्रोत नखुलेको नगद ६ लाख ७१ हजार ९ सय ५० रूपैयाँ सहित ३ जनालाई सोमबार प्रहरीले पक्राउ गेको छ । पक्राउ पर्नेहरूमा सोही महानगरपालिका–२ छप्कैयामा बस्ने भारत बिहार बेतिया बैरिया थाना–८ मथौली घर भएका ५० वर्षीय अनवर मिया, २२ वर्षीय महमद कैफ अहमद र भारत बिहार मोतिहारी थाना दरपा ग्राम पञ्चायत गम्हरियाकला–३ बस्ने ४८ वर्षीय फूल महमद रहेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले बीआर २२ एच ६३३८ नम्बरको मोटरसाइकलमा सवार अनवर र महमदलाई स्रोत नखुलेको नगद ४ लाख ३० हजार ९ सय ५० रूपैयाँ तथा लु.४१ प ६८९७ नम्बरको मोटरसाइकलमा सवार फूल महमदलाई २ लाख ४१ हजार रूपैयाँ सहित पक्राउ गरेको हो ।

# अंग्रेजी नयाँ वर्षमा जानकी मन्दिरमा श्रद्धालुहरुको भीड़



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अंग्रेजी नयाँ वर्ष सन् २०२६ को पहिलो दिन बिहिबार जनकपुरधामका विभिन्न मन्दिरमा भक्तजनहरूको घुइँचो लागेको थियो ।
जनकपुरधामका जानकी मन्दिर, राम मन्दिर, विवाह मण्डप, मणि मण्डप लगायतका मन्दिरमा भक्तजनहरूको घुइँचो लागेको थियो ।
छिमेकी देश भारतको बिहारका विभिन्न सहरबाट पनि भक्तजनहरू जनकपुरधाम आई पुगेका थिए । बिहारको मधुवनी, सितामढी, जयनगर, दरभंगा मुझप्परपुर, समस्तिपुर लगायतका स्थानबाट भक्तजनहरू जनकपुरधाम आएर नयाँ वर्ष २०२६को स्वागत गरेका हुन् ।
साथै जनकपुरका विभिन्न होटल र मदिरा पसलमा समेत भिड लागेको देखियो । भिड बढेपछि अहिले जनकपुरधाममा ट्राफिक व्यवस्थापनमा धौ धौ परेको छ ।
ती गाडीहरुलाई रंगभूमि मैदान १२ बिघा क्षेत्रमा भारतीय गाडीहरूको व्यवस्थापन गरिएको थियो ।
नयाँ वर्षमा हुने भीडलाई ध्यानमा राखेर सुरक्षा व्यवस्थापनका लागि विशेष प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रुगम कुँवरले जानकारी दिए ।

# १० दिनपछि उदाएको घामले जाडोबाट सर्वसाधारणलाई राहत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
करिब डेढ सातादेखि जारी कठ्याग्रीदो जाडो र शीतलहरपछि मधेस प्रदेशका विभिन्न जिल्लामा बिहिबार दिउँसोबाट घाम लागेपछि जनजीवन केही सहज बनेको छ ।
लामो समयपछि देखिएको घामले सर्वसाधारणलाई जाडोबाट राहत मिलेको छ ।
दिउँसो करिब पौने १२ बजेदेखि घाम लाग्न थालेपछि पश्चिम दिशाबाट चलिरहेको चिसो हावाको प्रभाव क्रमशः कम हुँदै गएको छ । यससँगै बजार क्षेत्रको चहलपहल पनि बढेको थियो ।
अत्यधिक जाडोका कारण मधेस प्रदेशका धेरै स्थानीय तहले केही दिनका लागि विद्यालयमा पठनपाठन स्थगित गर्दै जाडो बिदा दिएका थिए ।
चिसोको प्रभाव विशेषगरी ज्येष्ठ नागरिक, वृद्ध–वृद्धा, असक्त बिरामी तथा बाथ र गेठियाजस्ता दीर्घरोगीहरूमा बढी देखिएको थियो । खुला आकाशमुनि काम गर्ने श्रमिकहरू पनि लामो समयदेखि चिसोको मारमा परेका थिए ।
कठ्यांग्रीदो जाडोका कारण चौपायालाई घरबाहिर निकाल्न नसक्दा चरीचरणमा समस्या उत्पन्न भएको थियो । घाम निस्किएपछि चौपायाहरूलाई पनि केही राहत पुगेको किसानहरूले बताएका छन् ।
त्यस्तै शीतलहरका कारण तेलहन, दलहन र तरकारी बालीमा समेत नकारात्मक असर परेको थियो ।
मौसम क्रमशः खुल्दै गएसँगै जनजीवन सामान्यतर्फ फर्किने आशा गरिएको छ । यद्यपि, स्वास्थ्यकर्मीहरूले चिसो अझै पूर्ण रूपमा नहटेकाले सावधानी अपनाउन सर्वसाधारणलाई आग्रह गरिएको छ ।

# जनकपुरधाममा मनाइयो मिथिला पहिरन दिवस

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हिन्दु सम्राट सेना नेपालले जनकपुरधाममा मिथिला पहिरन दिवस मनाएको छ । जनकपुरधामस्थित जानकी मन्दिरमा धोती कुर्ता तथा पाग सहितको पहिरन लगाएर युवाहरुले मिथिला पहिरन दिवस मनाएका हुन् ।
पछिल्लो समय पश्चात्य संस्कृतिप्रति बढ्दै गईरहेको आकर्षणले युवाहरु आफ्नो संस्कृति बिर्सिंदै गईरहेको बताउँदै युवाहरुले केही वर्षदेखि मिथिला पहिरन दिवस मनाउँदै आईरहेको हिन्दु सम्राट सेना नेपालका उपाध्यक्ष कृष्ण यादवले बताए ।
अंग्रेजी नयाँ वर्षको पहिलो दिन प्रत्येक वर्ष हिन्दु सम्राट सेना नेपालले मिथिला पहिरन दिवस मनाउँदै आईरहेको छ ।
कार्यक्रममा सहभागीहरूले 'हम सब मैथिल छी' भन्ने नारा लगाउँदै मिथिलाको भाषा, भेषभूषा र संस्कृतिलाई पुस्तान्तरण गर्दै जोगाउनुपर्नेमा जोड दिएका थिए । उनीहरूले आधुनिकताका नाममा मौलिक पहिरन र संस्कृतिलाई विस्थापित गर्न नहुने धारणा व्यक्त गर्दै राज्यस्तरबाट समेत मिथिला पहिरनको संरक्षण र प्रवद्र्धनका लागि पहल हुनुपर्ने माग राखे ।
आयोजकले मिथिला पहिरन दिवस एउटा औपचारिक कार्यक्रम नभई पहिचानको आन्दोलन भएको बताए । 'मिथिलाको पहिरन हाम्रो आत्मसम्मान हो । यसलाई संरक्षण गर्नु हाम्रो सामूहिक दायित्व हो,' उनीहरूको भनाइ थियो ।
आयोजकले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै मिथिला संस्कृतिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउने अभियान अघि बढाइने जनाएका छन् ।

# गरिबीले रोक्न सकेन सत्यनारायणको 'डाक्टर' बन्ने सपना

**सिरहा ।**
दिनभरि इँट्टा–बालुवासँगको सङ्घर्ष, रातभरि डाक्टर बन्ने सङ्कल्प । यही सङ्घर्ष र सङ्कल्पका कारण सिरहाका सत्यनारायण साफीले प्रमाणित गरिदिएका छन–अभावले बाटो छेक्न सक्छ, तर गन्तव्य रोक्न सक्दैन । भनिन्छ नि, चट्टान फोरेर पनि पिपल उम्रिन्छ । सत्यनारायणको यो सफलताले त्यो भनाइलाई व्यवहारमै चरितार्थ गरिदिएको छ । कठोर गरिबी र अभावको चट्टानलाई छिचोल्दै उनले झुपडीबाट देखेको सपना साकार हुने चरणमा पुगेको छ, यसले अभाव देखाएर भाग्ने देशभरका युवालाई पनि 'अठोटका अगाडि बाध्यता हार्छन्' भन्ने सन्देश प्रवाह गरेको छ ।
हुलाकी लोकमार्गको बरियारपट्टि चोकबाट तीन किलोमिटरभित्र पर्छ श्रीपुर गाउँ । यो गाउँका स–साना छाप्राहरूको लहर छिचोलेपछि एउटा यस्तो झुप्रो भेटिन्छ, जुन गरिबीले ढल्नै लागेको छ, तर घरभित्र उम्रेको आशाले त्यसलाई टेको दिइरहेको आभाष हुन्छ । यहीभित्र अभाव र अँध्यारोसँग जुध्दै सत्यनारायणले एउटा चम्किलो सपना सजाए अर्थात् 'डाक्टर' बन्ने सपना । आज त्यही झुप्रोबाट पलाएको सपनाले पूर्णता पाउने बाटो तय गरेको छ ।
यो सफलता त्यत्तिकै मिलेको होइन, सत्यनारायणले सुनाएअनुसार आमा सुनितालाई वर्षौंदेखि टाउको दुख्ने समस्या थियो । बुबा कतारमा पसिना बगाइरहेका बेला, आमालाई अस्पताल लैजाने जिम्मेवारी कलिलो उमेरमै सत्यनारायणको काँधमा आयो । उनी आमाको हात समाउँदै अस्पतालका गल्ली–गल्ली चहार्थे । डाक्टरले औषधि लेखिदिन्थे, औषधि खाँदा केही दिन निको हुन्थ्यो, तर फेरि उही पीडा दोहोरिन्थ्यो । अस्पतालका ती लामा लाइन, बिरामीहरूको चित्कार र आमाको अनुहारमा देखिएको असह्य पीडाले उनको बालमस्तिष्कमा गहिरो चोट पु¥यायो ।
ती दिनहरू सम्झँदै सत्यनारायण भन्छन, "औषधि खाँदा केही दिन निको हुने, फेरि उही पीडा दोहोरिने । आमाको त्यो पीडाले मेरो बाल्यकालको सोच नै बदलिदियो । अस्पतालमै उभिएर मैले कसम खाएँ, म डाक्टर बन्छु ।"
यही अठोटले हो, उनको सपना बदलिदिएको, त्यही सपनाले आज जीवनको दिशा नै बदलिदिने आधार तय गरिरहेको छ । सुरुमा उनलाई एमबिबिएसको प्रवेश परीक्षा कसरी दिने, कति खर्च लाग्छ वा कति पढ्नुपर्छ भन्ने केही ज्ञान थिएन । थियो त केवल एउटा दृढ सङ्कल्प । सत्यनारायणले गाउँकै जनता माध्यमिक विद्यालयबाट २०७७ सालमा एसइई उत्तीर्ण गरे। पढाइमा तेज भएकै कारण उनले विराटनगरको अरनिको उच्च माविबाट विज्ञान विषय लिएर कक्षा १२ को पढाइ पूरा गरे । त्यसपछि उनको वास्तविक सङ्घर्षको अध्याय सुरु भएको हो ।
"सपना त देखियो, तर घरमा बसेर हुनेवाला थिएन । सपना पछ्याउन घर छोड्नुपर्ने भयो । एमबिबिएसको तयारीका लागि काठमाडौँ पुगेँ, तर आर्थिक अभावको पहाडले थिच्यो । तीन महिनामै काठमाडौँ छाडेर घर फर्किए । उता बुबा पनि कतारको रोजगारी गुमाएर घर फर्किए । परिवारमा 'भोक कि पढाइ' भन्ने सङ्कट आइलाग्यो", सत्यनारायणले सुनाए ।
हातमा दशथोक, मनमा पुस्तक
रिस्थितिसँग हार मान्ने उनको स्वभाव थिएन । काठमाडौँमा बसेर तयारी गर्ने सपना अधुरै छाड्नुपरेपछि गाउँ फर्किए । गाउँमै निर्माण मजदुरको काम रोजे । दिनभर चर्को घाममा मिस्त्रीसँगै गाह्रो लगाउने, सिमेन्ट बोक्ने र निर्माणको काम गर्ने सत्यनारायणको दैनिकी बन्यो । शरीर थकित हुन्थ्यो, हात–खुट्टा गल्थे, तर रात पर्नासाथ उनको मन फेरि पढाइतर्फ फर्किन्थ्यो । बत्तीको मधुरो उज्यालोमा उनी चिकित्सा शिक्षाका पुस्तक पल्टाउन्थे र प्रवेश परीक्षाको तयारीमा डुब्थे ।
"मैले गरिबीले काठमाडौँ छोडेँ, तर सपना छोडेको होइन । मैले अभावले हण्डर खाएँ, तर हिम्मत हारेको थिइनँ । त्यसैले कुनै दिन अस्पतालको अगाडि उभिएर गरेको सङ्कल्पले मलाई गन्तव्यमा अगाडि बढिरहन झक्झक्याइरह्यो । आखिर सबैको कुरा अठोट त रहेछ, नहार्ने अठोट", मलिन मुद्रामा सत्यनारायणले विगत सम्झिँदै भने ।
यही अठोटले उनको सङ्घर्षले नयाँ गोरेटो तय ग¥यो । मजदुरीबाट हातमा परेको सीमित ज्यालाबाट घरखर्च कटाएर बाँकी बचेको पैसाले उनी किताब किन्थे । कतिपय रात त उनले भोकभोकै पनि किताबका पाना पल्टाएर सपनाको खोजी गरे । सत्यनारायण भन्छन, "मेरो कोठामा किताबकै सिरानी र किताबकै ओछ्यान हुन्थ्यो ।"
ही किताबबीच बिताएका अनगिन्ती रातहरूले उनलाई मेडिकल कलेजको ढोकासम्म पुऱ्याएको हो ।

- **सफलताको उडानः पहिलो प्रयासमै नाम**

काम सजिलो थिएन, तर सपना पनि त चानचुने थिएन । त्यसैले घरमै दुई वर्षको कठोर अध्ययन र मजदुरीपछि उनले चिकित्सा शिक्षा आयोगको प्रवेश परीक्षा दिए । नतिजा आउँदा सबै अचम्मित भए । सत्यनारायणले मधेसी दलित आरक्षण कोटामा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भए। उनको तपस्याले अन्ततः प्रतिफल दियो । यो खबर सुन्दा परिवारमा खुसीको सीमा छैन ।
यद्यपि, छात्रवृत्तिले पढाइ शुल्क निःशुल्क भए पनि आवास र अन्य शैक्षिक सामग्रीको खर्च जुटाउने चिन्ता बाँकी नै थियो । बुबा मधुरी साफी भन्छन, "छोराले आफ्नो मिहिनेतले डाक्टर पढ्ने बाटो त खोल्यो, तर अब यसलाई पूरा कसरी गराउने भन्ने चिन्ता छ । हामीसँग सम्पत्तिको नाममा केही धुर जग्गाबाहेक केही छैन । कक्षा भर्नाका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङसम्म पुग्ने र बस्ने खाने समस्याले क्षणिक खुसीलाई अन्धकारतर्फ धकेल्दै थियो ।"

- **जब प्रविधिको सहाराले 'भाइरल' बने**

सत्यनारायणको कथा सामाजिक सञ्जालमा चर्चामा आएपछि देशैभरबाट सहयोगी हातहरू उनको झुपडीसम्म पुग्न थालेका छन् । प्रविधिको सहारामा उनको सफलताको चर्चा देश, विदेशमा पुगेको छ । विस्तारै आर्थिक सहयोग गर्नेहरू थपिँदै छन् । सहयोगी मनहरू जुर्मुराएका
छन् । यो सहयोगले उनलाई केही राहत त दिएको छ ।
सहयोगी हातहरू झुपडीसम्म आइपुग्दा सत्यनारायणको आँखामा एकातिर कृतज्ञताको भाव देखिन्छ भने अर्कोतिर आफ्नो जिम्मेवारीप्रतिको गहिरो बोध । चारैतिरबाट पाइरहेको साथ र शुभेच्छापछि उत्साहित बनेका सत्यनारायण भन्छन, "जब म काठमाडौँबाट रित्तो हात गाउँ फर्किएर मजदुरी गर्न थालेको थिएँ, मलाई लाग्थ्यो यो लडाइँमा म एक्लै छु । आज देशैभरिबाट मनकारी महानुभावहरूले
देखाउनुभएको यो माया देख्दा म भावुक भएको छु । यो सहयोग केवल पैसा मात्र होइन, यो मप्रतिको भरोसा र समाजको ऋण हो, जुन म जीवनभर सेवा गरेर तिर्नेछु ।"
उनलाई आफूजस्तै अन्य गरिब विद्यार्थीहरूको भविष्यको पनि चिन्ता छ । भन्छन, "म त भाग्यमानी रहेछु र सबैको नजरमा परेँ, तर म जस्ता हजारौँ सत्यनारायणहरू आज पनि गाउँका कुनाकाप्चामा मजदुरी गर्दै सपना मारिरहेका छन् । राज्यले यस्तो प्रणाली बनाओस् कि कोही पनि प्रतिभाशाली विद्यार्थीले पैसाकै अभावमा किताब फाल्नु नपरोस् । सपना मार्न नपरोस् ।"

- **आरक्षणः सीमान्तकृतका लागि वरदान**

सत्यनारायणको यो सफलतामा मेहनतसँगै नेपालको समावेशी आरक्षण व्यवस्थाको पनि ठूलो भूमिका छ । मधेस मामिला जानकार प्राडा विजयप्रसाद मिश्र आरक्षणको व्यवस्थाको महत्त्व सत्यनारायणजस्ता धेरै युवाहरूको सफलताले थप सान्दर्भिक बनाउँदै लगेको बताउन्छन । भुइँमान्छेहरूले आफ्नो अधिकार सही प्रयोग नगरेसम्म र ओझेलमा परेको समुदायलाई अवसर नदिएसम्म लोकतन्त्र बलियो हुँदैन भन्ने कुरा यसबाट बुझ्नुपर्ने उनको भनाइ छ ।
प्राडा मिश्र भन्छन, "आरक्षणलाई अझै वैज्ञानिक बनाउनुपर्छ, यसलाई भुइँमान्छेले लाभ लिने गरी अझै व्यवस्थित बनाउनुपर्छ । कुन समुदाय पछाडि छ भन्ने बुझ्न प्रत्येक १० वर्षमा यसको समीक्षा गर्दै अगाडि बढ्नुपर्छ ।"
सत्यनारायण साफी युवाहरूका लागि प्रेरणाको बलियो स्रोत बनेका छन। झुपडीमा फुलेको उनी र उनीजस्तै युवाहरूको 'सपनाको बिउ' लाई फक्राउन सरकार र सरोकार भएकाहरूको सहयोगको खाँचो छ । रासस



# जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन छलफल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पर्यटन मन्त्री अनिल सिन्हासँग जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गराउने विषयमा गहन छलफल भएको छ । जनकपुरधाममा सम्पन्न छलफलमा युवा तथा खेलकुद मन्त्री बबलु गुप्तासहित मधेशका युवाहरू र विभिन्न क्षेत्रका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।
छलफलमा मन्त्री सिन्हाले जानकी मन्दिर धार्मिक आस्थाको केन्द्र मात्र नभई ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले अन्तर्राष्ट्रिय महत्व बोकेको सम्पदा भएको उल्लेख गरे । उनले जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिनु अपरिहार्य रहेको बताउँदै सरकार यस विषयमा गम्भीरतापूर्वक अगाडि बढ्ने स्पष्ट पारे ।
'जानकी मन्दिर मधेशको मात्र होइन, सम्पूर्ण नेपालको पहिचान हो,' मन्त्री सिन्हाले भने, 'यसलाई जसरी पनि विश्व सम्पदा सूचीमा सूचीकृत गराउने दिशामा सरकारले ठोस पहल गर्नेछ ।'
मन्त्री सिन्हाका अनुसार जानकी मन्दिर विश्व सम्पदा सूचीमा सूचीकृत भएमा यसको संरक्षण, प्रवद्र्धन र व्यवस्थापनमा अन्तर्राष्ट्रिय मान्यता र सहयोग प्राप्त हुनेछ । यसले जनकपुरधामलाई



विश्व पर्यटन नक्सामा अझ सशक्त रूपमा स्थापित गर्ने विश्वास व्यक्त गरिएको छ ।
उनले धार्मिक पर्यटनको विस्तारसँगै स्थानीय अर्थतन्त्र, रोजगारी सिर्जना र सांस्कृतिक पहिचान सुदृढ हुने उल्लेख गरे ।
छलफलमा सहभागी युवाहरूले जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक कागजात तयारी, ऐतिहासिक प्रमाण संकलन, संरचनागत संरक्षण तथा स्थानीय समुदायको सक्रिय सहभागितालाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका थिए । साथै केन्द्र र प्रदेश सरकारबीच प्रभावकारी समन्वय, विज्ञ टोली गठन र दीर्घकालीन कार्ययोजना आवश्यक रहेको धारणा व्यक्त गरिएको थियो ।
जानकी मन्दिरको ऐतिहासिकता, मिथिला सभ्यताको महत्व र अन्तर्राष्ट्रिय पहिचान स्थापित गर्न युवाहरू नेतृत्वदायी भूमिकामा उत्रन तयार रहेको युवाहरुले बताए ।
'युवाहरूको ऊर्जा र सरकारको इच्छाशक्ति मिलेमा जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन सम्भव छ,' युवाहरुले बताए । मन्त्री सिन्हाले युवाहरूका सुझाव र प्रतिबद्धतालाई सकारात्मक रूपमा लिँदै विज्ञ, सरोकारवाला निकाय तथा युवाहरूसँग सहकार्य गरेर औपचारिक प्रक्रिया अघि बढाइने जानकारी दिए ।

सम्पादकीय

# अंग्रेजी नयाँ वर्ष र नेपाली पर्यटन प्रवर्द्धन

बिहीबारबाट इस्वी संवतको नयाँ वर्ष सन् २०२६ शुरु भएको छ । नेपालसहित विश्वभरका मानिसले आपसमा शुभकामना आदानप्रदान गर्दै नयाँ वर्ष मनाएका छन् । विश्वभरका नेताहरुले पनि नयाँ वर्षको अवसरमा शुभकामना सन्देश दिँदै विश्वमा शान्ति र समृद्धिको कामना गरेका छन् । ग्रेगोरियन पात्रोअनुसार सन् २०२५ को बिदाइ र नयाँ वर्ष सन् २०२६ को स्वागतमा विश्वभर विभिन्न कार्यक्रम आयोजना भएका छन् । यशु ख्रीस्टको जन्म भएको वर्षदेखि पादरी ग्रेगोरियनले शुरु गरेकाले यसलाई ग्रेगोरियन पात्रो भन्ने गरिन्छ । नयाँ वर्ष २०२६ को अवसर पारेर मधेशका विभिन्न भूगोलमा पर्व, उत्सव, महोत्सव भइरहेका छन् । खासगरी बिदाको समय पारेर परिवारहित घुम्न जाने प्रचलन बढ्दो छ । कामकाजी समाजका लागि यो महत्वपूर्ण दिन बन्दै गइरहेको छ ।

यही दिन पारेर नेपालमा १३औँ राष्ट्रिय पोशाक तथा टोपी एवम् धोती दिवस पनि मनाउने गरिएको छ । 'नेपाली टोपीः हाम्रो पहिचान' भन्ने नाराका साथ बितेको १३ वर्षदेखि यो दिवस मनाउन थालिएको हो । नेपाली पहिचानका रूपमा रहेको दौरा, शुरुवाल, टोपी र गुन्यु चोलीलाई युवामाझ स्थापित गर्न २०७० सालदेखि राष्ट्रिय पोशाक एवम् टोपी दिवस मनाउन थालिएको हो भने तराई मधेशमा राष्ट्रिय पोशाक, धोती दिवस मनाउन थालिएको छ । वीरगंजमा पनि जनमत पार्टीका नेता–कार्यकर्ताले धोती–टोपी लगाएर राष्ट्रिय पोसाक दिवस मनाएका थिए । कार्यक्रममा सहभागीले नगर परिक्रमा गर्दै सांस्कृतिक पहिचान र आपसी सम्मानको सन्देश प्रवाह गरेका थिए।

अङ्ग्रेजी नयाँ वर्षको अवसर पारेर आयोजना गरिएको कार्यक्रममा पहाडी समुदायले मधेशी समुदायमाथि गरेको दुव्र्यवहारको विरोध स्वरूप आयोजित गरिएको पर्साका जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफले बताए । यस्ता कार्यक्रमले विविधतामा एकता कायम गर्न, सबै समुदायबीच आपसी सम्मान र सहिष्णुता प्रवद्र्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने आयोजक पक्षले विश्वास व्यक्त गरेको छ।

खासगरी नयाँ वर्षलाई हामीले परिवारका साथ नयाँ पर्यटकीय गन्तव्यमा जाने, रमाउने र पर्यटनमार्फत आर्थिक उपार्जनको कामलाई अघि बढाउने ध्येयलाई प्रवद्र्धन गर्न जरुरी छ । यसले नेपालमै पनि घुम्नलायक स्थान छन् र यसले पर्यटनमार्फत हाम्रो सुक्दै गएको अर्थतन्त्रलाई बढावा दिन सक्छ भन्ने सन्देश प्रवाह जरुरी छ । यसका लागि हामीले स्थानीय तहहरुमा भएका पर्यटकीय स्थललाई प्रवद्र्धन गर्ने अवसरका रुपमा लिएर आन्तरिक पर्यटक बढाउने काममा लाग्न जरुरी छ।

# एआईमा आधारित शिक्षण विधिको अभ्यास

नेपालको पाठ्यक्रम अत्यन्तै केन्द्रिकृत र बोझिलो छ । हामीले एआई आधारित सफ्टवेयर प्रयोग गरेर विद्यार्थीको रुचि अनुसारको सिकाइ शुरु गर्नुपर्छ । जुम्लाको विद्यार्थी र काठमाडौँको विद्यार्थीको परिवेश फरक छ । त्यसैले उनीहरूको उदाहरण र सिकाइको शैली पनि फरक हुनुपर्छ ।



लीलाराज भट्टराई

आर्टिफिसियल इन्टिलिजेन्स (एआई)ले हरेक क्षेत्रमा आमूल परिवर्तन ल्याउँदैछ । एआईले केही वर्षभित्रै शिक्षा क्षेत्रमासमेत युगान्तकारी परिवर्तन ल्याउने निश्चित छ । आजको युगमा हामी एउटा यस्तो मोडमा उभिएका छौँ, जहाँ प्रविधिले हाम्रा हरेक बानी परिवर्तन गरिसकेको छ, तर हाम्रो शिक्षा प्रणाली अझै पनि पुरातन ढाँचामै अल्झिएको छ । एउटै कोठामा ३०–४० जनाभन्दा बढी विद्यार्थी, एउटै पाठ्यपुस्तक र एउटै गतिमा पढाउने शिक्षक रहने ढाँचा अब असान्दर्भिक भइसकेको छ।

यसैबीच, अमेरिकाको टेक्सासस्थित अल्फा स्कुलले एउटा यस्तो उदाहरण प्रस्तुत गरेको छ, जसले शिक्षण सिकाइ प्रक्रियाको परिभाषा नै बदलिदिएको छ । अल्फा स्कुल सम्भवतः विश्वकै पहिलो यस्तो विद्यालय हो, जहाँ शिक्षक छैनन् । सो स्कुलको कक्षा कोठामा छिर्दा तपाईंले कुनै शिक्षकले बोर्डमा लेखेर पढाइरहेको देख्नुहुने छैन । बरु, विद्यार्थीहरू हेडफोन लगाएर एआई ट्युटरसँग संवाद गरिरहेका देखिन्छन् । यस स्कुलको सबैभन्दा ठूलो विशेषता भनेको दिनमा दुई घण्टा मात्र पढाइ हुनु हो । सुन्दा पत्याउन गाहे लाग्छ तर त्यहाँका विद्यार्थीले दिनको मात्र दुई घण्टा पढेर बाँकी समय अन्य सिर्जनशील जीवनोपयोगी काममा बिताउँछन् । नतिजा भने अन्य परम्परागत विद्यालयको तुलनामा १० गुणा राम्रो र राष्ट्रियस्तरको शीर्ष एक–दुई प्रतिशतमा रहने गरेको छ।

परम्परागत विद्यालयमा एउटा कक्षाको पूरा पाठ्यक्रम सक्न एक वर्ष लाग्छ । तर अल्फा स्कुलमा विद्यार्थीले मात्र २२ देखि ३० घण्टाको अध्ययनमा एउटा सिङ्गो कक्षाको पाठ्यक्रम पूरा गर्छन् । यो कसरी सम्भव छ भन्ने कुरा निम्न तथ्यहरुबाट प्रष्ट हुन्छ।

निजीकृत पाठ्यक्रमः त्यहाँ एउटै कक्षाका सबै विद्यार्थीका लागि एउटै पाठ्यक्रम र पाठ्यपुस्तक हुँदैन । एआईले प्रत्येक विद्यार्थीको क्षमता, कमजोरी र रुचिको विश्लेषण गर्छ र सोही अनुसारको फरक–फरक पाठ्य सामग्री विकास गर्छ । यदि कुनै विद्यार्थीलाई फुटबल मन पर्छ भने एआईले गणितका समस्या फुटबलकै तथ्याङ्क प्रयोग गरेर सिकाउँछ । यसले सिकाइलाई 'बोझ' होइन, 'मनोरञ्जन' बनाउँछ।

नब्बे प्रतिशतको मापदण्डः कुनै पनि विद्यार्थीले एउटा पाठको कम्तीमा ९० प्रतिशत नबुझी अर्को पाठमा जानै पाउँदैन । परम्परागत विद्यालयमा कुन विद्यार्थीले कति बुझेका छन् भन्ने मापन गरिँदैन । तर अल्फामा औसत विद्यार्थीले पनि कम्तीमा ९० प्रतिशत पाठ नबुझी अर्को पाठमा जानै मिल्दैन । यसले गर्दा औसत विद्यार्थी पनि उत्कृष्ठ बन्छन्।

**तत्काल प्रतिक्रियाः** गल्ती हुने वित्तिकै एआईले तुरुन्त सच्याउँछ । शिक्षकले हप्ता दिनपछि कापी जाँचेर गल्ती औँल्याउने समयसम्म विद्यार्थीले त्यो विषय बिर्सिसकेको हुन्छ । तर अल्फामा एआईको तत्काल प्रतिक्रियाले सिकाइको गति १० गुणा बढाउने गरेको छ।

घोकाउने होइन, बुझाउनेः हाम्रा विद्यालयमा विद्यार्थीलाई घोकाउने चलन छ । यतिसम्मकी विद्यालयमा शिक्षकले घोकाएको भन्दा तलमाथि गर्न समेत विद्यार्थी मान्दैनन् । घोकेको कुरा चाँडै बिर्सने हुन्छ, तर अल्फामा घोकाउने हुने बुझाउने गरिन्छ । त्यसका लागि निश्चित समयमा एउटै विषय दोहो¥याइन्छ।

**बिदाभन्दा प्यारो विद्यालयः** अल्फा स्कूलको अर्को सफलता भनेको विद्यार्थीको मनोविज्ञानमा ल्याएको परिवर्तन हो । त्यहाँका विद्यार्थीलाई आज घरै बस, स्कुल नजाउ भन्दा उनीहरू मान्दैनन् किनभने उनीहरूका लागि स्कुल रमाउने ठाउँ हो । खोजको केन्द्र हो।

स्वभाविक रुपमा प्रश्न उठछ दुई घण्टा एआईसँग पढ्छन् । त्यसबाहेकको समय चाहीँ के गर्छन त ? एआई स्कुलमा त्यसबाहेकको समय विद्यार्थीले जीवन सिक्छन् । आफनो रुची र क्षमता अनुसारको जीवनोपयोगी सीप सिकिरहेका हुन्छन् । उनीहरु फुटबल, भलिबल, पौडी खेल्छन् । साना कक्षामा विद्यार्थी साइकल चलाउन सिक्छन् । कोडिङ सिकिरहेका देखिन्छन् । उनीहरुले दुई घण्टा बाहेकका समयमा उद्यमशीलता र पैसाको व्यवस्थापनका बारेमा सिक्छन् । उनीहरुलाई तीन कक्षादेखि नै वित्तीय साक्षरता र पाँच कक्षामा पुग्दा व्यवसाय कसरी चलाउने भन्ने ज्ञान सिकाइन्छ।

त्यस्तै सानैदेखि सार्वजनिक भाषणकलामा जोड दिइएको हुन्छ । २ कक्षादेखि नै निर्धक्क बोल्ने कला सिकिरहेका देखिन्छन् । ५ कक्षा उत्तीर्ण विद्यार्थीलाई टिमवर्कको महत्वका बारेमा सिकाइन्छ । विभिन्न ब्यवसायलाई कसरी उच्चतम् स्तरसम्म पु¥याउन सकिन्छ भन्ने ज्ञान उनीहरुले पाइसकेका हुन्छन् । स्कुल तह पार गर्दा प्रत्येक विद्यार्थीसँग आफ्नो जीवनको लक्ष्य र त्यहाँ पुग्ने स्पष्ट मार्गचित्र बोकेर जीवनको नयाँ उडान भर्न तयार भएर निस्कने गर्दछन्।

**नेपालको शिक्षा प्रणालीमा सुधारका लागि सुझावहरू**

नेपालको सन्दर्भमा हामीले तुरुन्तै अल्फा स्कुलकै जस्तो महँगो भौतिक पूर्वाधार बनाउन नसके पनि यसले सिकाएको पाठलाई आत्मसाथ गरेर शिक्षामा परिवर्तनको शुरुआत गर्न सक्छौँ । ढिलो,चाँडो हामीले शिक्षामा एआई प्रयोग नगरी सुखै छैन । एआई साक्षर बनाउन सानै कक्षादेखि एआई पढाउन ढिलो गर्नुहुँदैन । अबको शिक्षा 'के सोच्ने' भन्नेमा होइन, 'कसरी सोच्ने' भन्नेमा केन्द्रित हुनुपर्छ । एआई त्यसको सबैभन्दा शक्तिशाली हतियार हो । नेपालले अब ढिलो नगरी यो हतियारको सही सदुपयोग गर्नुपर्छ । हाम्रो शिक्षा प्रणालीमा परिवर्तन ल्याउन निम्न कुरामा जोड दिनुपर्ने देखिन्छ।

शिक्षकको भूमिकामा परिवर्तनः शिक्षकको भूमिका परिवर्तन गरी 'मेन्टर' वा 'गाइड' मा बदल्नुपर्छ । पाठ्यपुस्तकको ज्ञान दिन एआई र प्रविधिको प्रयोग गर्ने र शिक्षकले विद्यार्थीको अनुशासन, चरित्र निर्माण र प्रेरणामा ध्यान दिने वातावरण बनाउनुपर्छ।

'वान साइज फिट्स अल' पाठ्यक्रमको अन्त्यः नेपालको पाठ्यक्रम अत्यन्तै केन्द्रिकृत र बोझिलो छ । हामीले एआई आधारित सफ्टवेयर प्रयोग गरेर विद्यार्थीको रुचि अनुसारको सिकाइ शुरु गर्नुपर्छ । जुम्लाको विद्यार्थी र काठमाडौँको विद्यार्थीको परिवेश फरक छ । त्यसैले उनीहरूको उदाहरण र सिकाइको शैली पनि फरक हुनुपर्छ।

सीपमा आधारित शिक्षाः हाम्रो शिक्षा प्रणालीले प्रमाणपत्रधारी तर बेरोजगार जनशक्ति उत्पादन गरिरहेको छ । एआईमा आधारित अल्फा स्कुलबाट सिकेर हामीले कम्तीमा ५० प्रतिशत सीप सिकाउनुपर्छ । एआई, कृषिको आधुनिक प्रविधि, वित्तीय साक्षरता र कोडिङ जस्ता विषयलाई विद्यालय तहदेखि नै अनिवार्य गर्नुपर्छ।

**'डिजिटल डिभाइड' कम गर्न एआई ट्याब्लेटः** नेपालका दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षक पुग्न गाह्रो छ । तर यदि हामीले 'अफलाइन एआई ट्युटर' भएका ट्याब्लेट वितरण गर्न सक्यौँ भने हुम्लाको एउटा बच्चाले पनि काठमाडौँको भन्दा उत्कृष्ट शिक्षा पाउन सक्छ । यसले शिक्षामा रहेको असमानता हटाउनेछ।

मूल्याङ्कन पद्धतिको पुनरावलोकनः वर्षको अन्त्यमा लिइने तीन घण्टाको परीक्षाले विद्यार्थीको वास्तविक क्षमता मापन गर्दैन । हामीले 'कन्टिन्युअस एसेसमेन्ट' र एआई आधारित ट्याकिङ शुरु गर्नुपर्छ, जहाँ विद्यार्थीले कति घण्टा र कति दिन स्कुलमा बितायो भन्दा पनि कति ज्ञान हासिल ग¥यो भन्ने कुराले महत्व पाउनुपर्छ।

**चुनौती र भविष्य**

एआई स्कुलको अवधारणा सुन्दा जति आकर्षक छ, यसका चुनौती पनि त्यति नै छन् । स्क्रिन टाइमको व्यवस्थापन, मानवीय संवेदनाको कमी हुन नदिने र प्रविधिमा सबैको पहुँच पु¥याउनु ठूलो चुनौती हो । तर, परम्परागत शिक्षा प्रणाली असफल जस्तै भइसकेको अवस्थामा यो जोखिम लिनुको विकल्प छैन । अल्फा स्कुलले प्रमाणित गरिदिएको छ कि शिक्षाको उद्देश्य 'धेरै पढाउनु' होइन, 'राम्रोसँग सिकाउनु' हो । एआईले शिक्षाको पहुँचलाई लोकतान्त्रिक बनाउँदैछ । नेपालले समयमै यो प्रविधिलाई अङ्गीकार गर्न सक्यो भने हाम्रा बालबालिका विश्व बजारमा कसैभन्दा कम हुने छैनन् । रासस

# वाल्मीकि आश्रम पुग्ने झोलुङ्गे पुलमा नौ वर्ष व्यतित

नारायण अधिकारी





पवित्र धार्मिक तीर्थस्थल वाल्मीकि आश्रम पुग्ने झोलुङ्गे पुल निर्माण भएको तीन वर्ष बितिसक्दा समेत सञ्चालनमा आउन सकेको छैन । चितवन राष्ट्रिय निकुञ्ज हुँदै जानुपर्ने भएकाले पुल सञ्चालनमा आउन नसकेको हो।

विसं २०७० सालको असार ३० गते नेपाली भू–भाग हुँदै सीधै वाल्मीकि आश्रम पुग्नेगरी नारायणी नदीमा झोलुंगे पुल बनाउने सम्झौता गरिएको थियो । दुई वर्षमा निर्माण सक्नेगरी सम्झौता गरिए पनि पुल निर्माणको काम सक्न नौ वर्ष लागेको थियो । मूल्य अभिबृद्धि कर बाहेक पाँच करोड १९ लाख ६६ हजार ७ सय १३ रुपैयाँको लागतमा ४ सय ७९ मिटर लामो झोलुङ्गे पुल तयार भएको हो । विसं २०७९ असार असान्तमा निर्माण कम्पनीले काम सम्पन्न गरेपनि नदी तरेपछि जङ्गलै जङ्गल आश्रमसम्म पुग्न करिब तीन किलोमिटर बाटो पार गर्नुपर्छ । राम्रो बाटो बन्न नसकेको जनाउँदै पुलको मुखमा जाली लगाएर बन्द गरेपछि डुङ्गा चढेर जानु पर्ने बाध्यता रहेको छ।

विनयी त्रिवेणी गाउँपालिका–६ का वडा अध्यक्ष नुरेन्द्र साहले पुल नचल्दा भारतीय भू–भाग हुँदै वा नदीमा डुङ्गा चढेर वाल्मीकि आश्रम पुग्नु पर्ने बाध्यता रहेको बताए । पुल बनेको लामो समय हुँदा पनि सञ्चालनमा नआएपछि आफूले जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा पत्राचार गरी माघ १ गतेबाट सञ्चालन ल्याइदिन आवश्यक सहजीकरणका लागि आग्रह गरेको बताए।

त्रिवेणीकै होटल व्यवसायी सन्दीप गुप्ताले त्रिवेणी आउने धार्मिक पर्यटक वाल्मीकि जान चाहेर पनि बाटोका कारण नसकेको बताए । उनका अनुसार माघे सङ्क्रान्ति, माघे औसी, शिवरात्री, ठूलो एकादशीलगायतका पर्वमा त्रिवेणी आउने भक्तजन वाल्मीकि जान चाहने गर्दछन् । चितवन राष्ट्रिय निकुञ्जभित्रको वाल्मीकि जाने बाटो निर्माणका लागि वागमती प्रदेश सरकारले गत वर्ष २५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको भएपनि जेसिवीलगायतका उपकरण लैजान नपाएपछि श्रमजानबाट काम गरिएको थियो । यस वर्षको वर्षातमा बाटो बिग्रिएपछि पुनःसडक मर्मतको काम भइरहेको गुप्ताले जानकारी दिए । अहिले पनि डुङ्गा तरेर जङ्गलको बाटो हिंडेर भक्तजन जाने आउने गरेका छन् । गुप्ताले केहिदिन अघि १ सय २० जना विद्यार्थीलाई डुङ्गा चढाएर जङ्गलको बाटो हुँदै आश्रम पु¥याएर ल्याएको बताए।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत गणेश पन्तले वाल्मीकि आश्रमसम्म जाने बाटो राम्रो बनेपछि पुल सञ्चालनका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग अनुमति लिईने जानकारी दिए।

उनका अनुसार बाटोको अवस्था निकै जीर्ण रहेको छ । उनले भने, 'बाटो बनेपछि हामी अनुमतिका लागि विभागमा पत्राचार गर्नेछौँ । यसको आफ्नै प्रक्रिया छ।'

निकुञ्जलाई असर नपर्ने गरी बाटो सञ्चालन गर्नुपर्ने भएकाले तत्काल निर्णय गर्न कठिन हुने उनँको भनाइ छ। पन्तले भविष्यमा धार्मिक महत्वको क्षेत्रलाई निकुञ्जभित्रकै एउटा अङ्ग मानेर वा नेपाल सरकारकै छुट्टै संयन्त्र बनाइ गुरूयोजनाअनुरूप व्यवस्थापन गर्ने विषयमा छलफल हुनसक्ने बताए। प्रमुख संरक्षण अधिकृत पन्तले गोरेटो बनाउने विकल्पमा जाँदा तीन किलोमिटर वन क्षेत्रमा सुरक्षा चुनौती हुनसक्ने भन्दै फोहोर व्यवस्थापनका जटिलता पनि आउन सक्छन् भने।

यता माडी नगरपालिकाका उपप्रमुख खेमप्रसाद महतोले भने निकुञ्जभित्रको बाटो हिँडडुल गर्न सकिने बताउँछन् । वाल्मीकि आश्रम माडी नगरपालिका–१ मा पर्दछ । तीन महिना अघि आफू सोही बाटो हिँडेर गएर कार्यपालिकाको बैठक गरेर फर्किएको भन्दै उनले पुल सञ्चालनमा आएमा धार्मिक पर्यटन प्रबद्र्धनमा टेवा पुग्ने बताए।

माडी नगरपालिका–१ को छेउमा आश्रम पर्छ । बीचमा ठूलो भू–भाग चितवन राष्ट्रिय निकुञ्जको कोर क्षेत्र भएकाले माडीबाट सीधा यहाँ पुग्ने सडक छैन । यो क्षेत्रसँग नवलपरासी (बर्दघाट–सुस्तापूर्वको) विनय त्रिवेणी गाउँपालिका जोडिएको छ । नवलपरासीको बाटो (पूर्व–पश्चिम राजमार्ग) बर्दघाटबाट दक्षिण लागेपछि विनय त्रिवेणी–६ त्रिवेणीधाम पुगिन्छ। त्यहाँबाट नारायणी नदी पार गरी आश्रम पुगिन्छ।

गाडीमा जाँदा गण्डक पुलदेखि वाल्मीकि टाइटर रिजर्वको करिब आठ किलोमिटर क्षेत्र पार गरेपछि तमोसा नदी पुगिन्छ । त्यहाँसम्म पुग्न ठाउँठाउँमा भारतीय सुरक्षा बलको सुरक्षा जाँच हुन्छ।

पुल निर्माणमा लाग्नु भएका पूर्वसचिव आत्मराम पाण्डे यथासक्य चाँडो पुल सञ्चालन भएमा धार्मिक पर्यटन र स्थानीय वासिन्दा लाभान्वित हुने बताउँछन् । विसं २०४४ सालमा जिल्ला प्रशासन कार्यालय चितवनमा उपसचिव पदमा कार्यरत रहँदाबाटै उनले वाल्मीकि आश्रमलाई व्यवस्थित बनाउने सपना देखेको बताए।

शिलान्यास भए पनि गण्डक बाँधको नजिकै भएका कारण झोलुङ्गे पुल निर्माण भारतले अबरोध खोजेको थियो । पाण्डेले तत्कालीन भारतीय राजदूत रञ्जित रेसँगको सम्बन्धको उपयोग गरी पुल निर्माणमा बाधा नपर्नेगरी सहमति गरेर काम गरेको बताए।

उनी बाटो मर्मतसँगै यथासक्य छिटो पुल सञ्चालनका लागि सरोकारवाला निकायसँग आग्रह गर्छन् । उनले भने, 'नेपालीले आफ्नै भूमिको प्रयोग गरेर वाल्मीकि आश्रम पुग्न सकेको दिन मेरो लागि सबैभन्दा खुसीको दिन हुनेछ ।' यसले वाल्मीकि पुग्ने धार्मिक पर्यटक बढाउने उनको भनाइ छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# डा भुसाल र विष्टको जीवन रक्षा गर्न आग्रह




राष्ट्रिय मानवअधिकार आयोगले अनशनरत डा निकोलस भुसाल र हरिश विष्टको स्वास्थ्य कमजोर बन्दै गएकाले उहाँहरुको जीवन रक्षा गर्न आग्रह गरेको छ ।
आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्लेले आज जारी गर्नुभएको प्रेस विज्ञप्तिमा भ्रष्टाचारको छानबिन र कारबाही गर्नुपर्नेलगायत माग राखी विगत १० दिनदेखि काठमाडौँको माइतिघरमा आमरण अनशनमा बस्नुभएका डा भुसाल र विष्टको जीवन रक्षा गर्न आग्रह गरिएको छ ।
विज्ञप्तिमा भनिएको छ, "निजहरुको प्रभावकारी स्वास्थ्य उपचारका लागि पहल गर्दै वार्ताको माध्यमबाट अनसनरत व्यक्तिहरूको माग सम्बन्धमा निष्कर्षमा पुग्न, पु¥याउन र उनीहरूको जीवन रक्षा गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।"आयोगले यस सम्बन्धमा निरन्तर अनुगमन गरिरहेको तथा आयोगले गरेको पछिल्लो अनुगमनको क्रममा डा भुसाल र विष्टको स्वास्थ्य अवस्था गम्भीर रहेको, डा भुसालको रक्तचाप निकै कम रहेको र रगतमा चिनीको मात्रासमेत घटेको पाइएको जनाएको छ ।रासस

# अङ्ग्रेजी नयाँ वर्षमा पर्यटकको चहलपहल

काठमाडौँ। अङ्ग्रेजी नयाँ वर्ष सन् २०२६ सुरु भएसँगै राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेलमा स्वदेशी तथा विदेशी पर्यटकको चहलपहल बढेको छ । पर्यटकको चहलपहल बढेसँगै यहाँका पर्यटन व्यवसायी तथा होटल व्यवसायी उत्साहित भएका छन्।
काठमाडौँ महानगरपालिका–१६ ठमेलमा सञ्चालित चारतारे होटल रमदा इन्कोर काठमाडौँका महाप्रबन्धक महेश फुँयाल अङ्ग्रेजी नयाँ वर्षले नेपालको पर्यटन क्षेत्रमा उत्साह जगाएको बताउनुहुन्छ। नब्बे कोठा रहेको उक्त होटल अङ्ग्रेजी नयाँ वर्षसँगै भरिभराउ रहेको उहाँ बताउनुहुन्छ। अधिकांश विदेशी पाहुना रहेको उहाँले बताउनुभयो । नयाँ वर्ष मनाउन छिमेकी मुलुक भारत, मलेसिया, सिङ्गापुरलगायत देशबाट पर्यटक आएका छन् ।
काठमाडौँ–२६ मा सञ्चालित काठमाडौँ आगन्तुक होटल तथा अतिथी होटल तथा अपार्टमेन्ट ठमेलका सञ्चालक भविश्वर शर्मा अङ्ग्रेजी नयाँ वर्षसँगै ठमेल क्षेत्रको पर्यटन चलायान भएको बताउनुहुन्छ।
"नेपाल घुम्न आउने अधिकांश विदेशी पर्यटक ठमेल आउने गरेका छन्, अङ्ग्रेजी नयाँ वर्षले ठमेल क्षेत्रलाई केही राहत पुगेको छ", उहाँ भन्नुहुन्छ। अङ्ग्रेजी नयाँ वर्षमा आफ्ना दुबै होटल भरिभराउ रहेको उहाँको भनाइ छ। ठमेलमा साना तथा ठूला गरी झन्डै ३०० होटल रहेका छन्। यस्तै ३०० भन्दा बढी रेष्टुरेन्ट छन् । ठमेल पर्यटन विकास परिषद्का पूर्वअध्यक्षसमेत रहनुभएका शर्माको कार्यकालमा ठमेल



क्षेत्रमा तारको व्यवस्थापन, सिसी क्यामरा जडानलगायतका कामलाई अगाडि बढाइएको थियो । उक्त कार्यले हाल पनि निरन्तरता पाएको छ।
ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष एवं कामपा–२६ मा सञ्चालित 'काठमाडौँ इको होटल'का सञ्चालक सहदेव (विमल) धमला क्रिसमस र अङ्ग्रेजी नयाँ वर्षमा ठमेल क्षेत्रमा पर्यटकको चहलपहल बढेको बताउनुहुन्छ। अङ्ग्रेजी नयाँ वर्षमा ठमेलमा भारतीय पर्यटकको बुकिङ बढेको छ। विश्वसम्पदा सूचीमा रहेका काठमाडौँ उपत्यकाका भक्तपुर, पाटन, स्वयम्भू, पशुपति र वसन्तपुरलगायत राजधानीका मुख्य पर्यटकीयस्थल घुमेपछि पर्यटकको बासस्थानको मुख्य रोजाइ ठमेल मानिन्छ। क्रिसमस तथा अङ्ग्रेजी नयाँ वर्षमा भारत, अमेरिका, युरोप, चीन तथा बङ्लादेशका पर्यटक बढीजसो आउने गरेका छन्। मुख्य बजार वरपर घुम्न वा राजधानी बाहिरका पर्यटकीय गन्तव्य पुग्नका लागि सहज हुने भएकाले ठमेल विदेशी पर्यटकको रोजाइमा पर्ने गरेको छ । राजधानीपछि पर्यटकको रोजाइमा पोखरा, अन्नपूर्ण क्षेत्र, लुम्बिनी, सौराह, जनकपुर र सगरमाथा आधार शिविरलगायतका क्षेत्र पर्दछन्।
ठमेल काठमाडौँ महानगरपालिका–१६, १७, २६ र २७ वडामा पर्छ । ठमेलको सबैभन्दा धेरै भाग वडा नं २६ मा पर्दछ । नेपाल घुम्न आउने पर्यटकमध्ये ८० प्रतिशत पर्यटक ठमेलमा बस्ने गरेका छन्।
काठमाडौँ–२६ का वडाध्यक्ष ख्यामराज तिवारी वार्षिक अर्बौँ रुपैयाँको कारोबार हुने ठमेललाई व्यवस्थित रूपमा सञ्चालन गर्न महानगरपालिका लागिरहेको बताउनुहुन्छ।"ठमेलभित्रका गल्ली कालोपत्र गर्ने, सिसी क्यामरा जडान गर्ने, तार व्यवस्थापन, ढल व्यवस्थापनलगायत काम स्थानीय सरकारले प्राथमिकताका साथ गर्दै आएको छ", उहाँ भन्नुहुन्छ । ठमेलभित्रको सुरक्षा भने प्रहरी वृत्त लैनचौर र प्रहरी वृत्त दरबारमार्गले गर्दैआएको छ। रासस

# महोत्तरीको मटिहानीमा एकीकृत घुम्ती सेवा शिविर प्रभावकारी बन्दै


**महोत्तरी।**
यहाँको मटिहानी नगरपालिकामा एकीकृत घुम्ती सेवा शिविर प्रभावकारी बनेको छ । मटिहानीले पछिल्ला तीन वर्षदेखि बर्सेनि एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गर्दै आएको छ।
यसवर्ष यही पुस ८ देखि १६ गतेसम्म नौ दिन सञ्चालित शिविरमा करिब आठ हजारले घरआँगनमै सेवा लिएको नगरपालिकाले जनाएको छ । शिविरमा नगरपालिकाबाट प्राप्त सेवा एकीकृत रुपमा प्रदान गरिएको नगरप्रमुख हरिप्रसाद मण्डलले बताउनुभयो।
"यसपालि शिविरका बेला प्रतिकूल मौसम शीतलहर रह्यो, त्यही पनि सात हजार ९०९ जनाले सेवा लिएका छन्" नगरप्रमुख मण्डलले भन्नुभयो, "आम नागरिकलाई कार्यालयबाट दिइने सेवाप्रति नयाँ आशा जगाउन यो प्रभावकारी भएको छ ।" यसले जनप्रतिनिधि, कर्मचारी र जनताबीच सम्बन्ध सुमधुर बनाएको उहाँको भनाइ छ । शिविरमा सबैभन्दा बढी पशुपालक किसानले सेवा लिएका छन्।
दुई हजार ८४९ घरपालुवा पशुको स्वास्थ्य जाँच र उपचार गरिएको छ। त्यसैगरी दुई हजार ३०१ किसानले तरकारीको बीउबिजन लिएका छन् । मटिहानी नगरक्षेत्र जिल्लामै तरकारी खेतीको पकेटक्षेत्र मानिन्छ।
एक हजार ६३२ जनाले स्वास्थ्यचौकीबाट स्वास्थ्य जाँच र उपचार सेवा लिएका छन् । आयुर्वेद कार्यालयबाट ८७१ जनाले स्वास्थ्य जाँच गरी आयुर्वेद औषधि लिएका छन्। १०६ ज्येष्ठ नागरिकले ज्येष्ठ नागरिक परिचयपत्र बनाएको र ८८ जना ज्येष्ठ नागरिकको स्वास्थ्य बिमा गरिएको छ। ६२ वटा व्यक्तिगत घटना दर्ता र तीन जना अपाङ्गता भएकाको परिचयपत्र बनेको कार्यालयले जनाएको छ। रासस

# मन्त्री खरेलद्वारा ज्यापू सङ्ग्रहालयको अवलोकन



पाटन (ललितपुर)।सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले यहाँस्थित ज्यापु सङ्ग्रहालयको अवलोकन गर्नुभएको छ । बुधबार साँझ मन्त्री खरेलले सङ्ग्रहालयको अवलोकनका साथै ज्यापु समाजका पदाधिकारीहरूसँग छलफल गर्नुभएको हो।
"आफ्नो मौलिकता र सौन्दर्यले भरिपूर्ण यो सङ्ग्रहालयको महत महत्व छ, मौलिक कला, संस्कृति र सभ्यतामा धनी ज्यापु समुदायले माटोप्रति दर्शाएको मायालाई प्रचारप्रसार गर्दै हामीले हाम्रो आत्मीयता, आपसी सद्भावलाई विश्वसामु परिचित गराउनुपर्छ," मन्त्री खरेलले भन्नुभयो।
त्यसअघि समाजका अध्यक्ष सन्तमान महर्जनलगायत समाजका पदाधिकारीले मन्त्री खरेलको स्वागत गर्नुभएको थियो। रासस

# महिलालाई आयआर्जनमा लगाउन पञ्चैबाजा प्रशिक्षण



म्याग्दी (बेनी), १७ पुसः बेनी नगरपालिका–४ सिङ्गाका महिलालाई परम्परागत बाजाको संरक्षण गरी आयआर्जनमा जोड्न 'परम्परागत पञ्चैबाजा' सिकाउन थालिएको छ । शिवालय सामुदायिक सिकाइ केन्द्रको आयोजनामा वडाका महिला र आमा समूहका प्रतिनिधिहरुलाई पञ्चैबाजा बजाउने तालिम दिन सुरु गरिएको हो।
बुधबारदेखि सुरु भएको पञ्चैबाजा प्रशिक्षणमा वडाभित्रका विभिन्न आमा समूह र महिला समूहका प्रतिनिधि सहभागी जनाएका छन्। वडाभित्र पञ्चैबाजा बजाउने समूह नहुँदा विवाह, छेवर, व्रतबन्धलगायत शुभकार्यहरुमा पञ्चैबाजा बजाउनका लागि बाहिरबाट टोली ल्याउनुपर्ने बाध्यता हटाउन र महिलाको आयआर्जन बढाउन पञ्चैबाजा बजाउन सिकाउन थालिएको सिकाइ केन्द्रका अध्यक्ष भरतप्रसाद शर्माले बताउनुभयो।
"हरेक शुभकार्यहरुमा पञ्चैबाजा बजाउने प्रचलन छ, हाम्रो वडामा पञ्चैबाजा बजाउने समूह नहुँदा समस्या छ, त्यसैले प्रशिक्षण सञ्चालन गरेका हौँ", केन्द्रका अध्यक्ष शर्माले भन्नुभयो।
पैँतालिस दिनसम्म सञ्चालन हुने तालिममा पञ्चैबाजा प्रशिक्षक प्रकाश परियार र सतप्रसाद छिनालले व्यावहारिक प्रशिक्षण दिनुहुनेछ। चालु आर्थिक वर्षमा नौमती बाजा संरक्षण तथा सीप विकासका लागि वडा कार्यालयको सिफारिसमा बेनी नगरपालिकाले रु एक लाख ५० हजार र सीप विकास तालिमका लागि गण्डकी प्रदेश सरकारले रु एक लाख २० हजार अनुदान प्रदान गरेको छ । पञ्चैबाजामा सहनाइ, ढोलकी, ट्याम्को, दमाहा, झ्याली र कर्नल समावेश छन्। रासस

# सरकार र नागरिक बचाउ अभियानबीचको वार्ता सकारात्मक



**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकार र नागरिक बचाउ अभियानबीचको वार्ता सकारात्मक भएको बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बिहिबार प्रधानमन्त्री सुशीला कार्की र अभियानका संयोजक दुर्गा प्रसाईं पक्षबीच भएको वार्तामा सम्भव हुने किसिमका माग पूरा गर्न सरकार प्रतिबद्ध रहेको मन्त्री खरेलले जानकारी दिए।
दुवै पक्षबीच मुलुकमा शान्ति, स्थिरता, विकास र समृद्धि कायम गर्ने सन्र्दभमा सहमति भएको उनको भनाइ छ । "वार्ता सकारात्मक छ।
संविधान र कानुनअन्तर्गत रहेर उहाँहरुको कति माग अहिलेको सरकारले र कति माग आगामी सरकारले पूरा गर्न सक्छ, उहाँहरुको मागबारे केस्रा केस्रा छलफल भएको छ", उनले भने, "सरकारको दायरा र जिम्मेवारी अन्तर्गत रहेर माग पूरा गर्न सरकार प्रतिबद्ध छ।"
वार्तामा प्रधानमन्त्री कार्कीले अभियानका मागहरु गम्भीर चासोका साथ लिएको थियो भने संयोजक प्रसाईंले अभियानको मागप्रति सरकारको ध्यानार्कषण गराएको जनाइएको छ। रासस

# नेपालको राष्ट्रिय पहिचानको संरक्षणमा सबै जुट्नुपर्छः सञ्चारमन्त्री खरेल

**काठमाडौं।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले नेपाको राष्ट्रिय पहिचानको संरक्षण र प्रवद्र्धनमा सबै जुट्नुपर्नेमा जोड दिएका छन्।
१३औँ राष्ट्रिय पोसाक दिवस तथा अन्तरराष्ट्रिय टोपी दिवस–२०८२ को अवसरमा राष्ट्रिय धरोहर संरक्षण प्रतिष्ठानले बिहिबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खरेलले राष्ट्रिय पहिचानको प्रवद्र्धन अभियानलाई सरकारको साथ रहने विश्वास व्यक्त गरे।
सञ्चारमन्त्री खरेलले भने, "राष्ट्रियताको प्रवद्र्धन गर्न सरकार प्रतिबद्ध छ, राष्ट्रिय झण्डा भन्ने वित्तिकै यसप्रतिको श्रद्धा



अगाध झल्किन्छ । राष्ट्रिय एकताको प्रतिक राष्ट्रिय झण्डा हो, जसले सबै नेपालीलाई जोड्नसक्छ। हामी जो जहाँ छौ, नेपाली हुनुको पहिचान जोगाउने कार्यमा सक्रिय भएर लागौँ।"
मन्त्री खरेलले राष्ट्रिय पोशाकलाई सरकारी मान्यता दिने र उत्सवको रुपमा दिवस मनाउने सन्दर्भमा आफू अभियानको साथमा रहेको बताए। उनले भने, "नवजवान युवाहरुले विहे, व्रतवन्ध, भोज र औपचारिक कार्यक्रम तथा भव्य र सभ्य समारोहमा दौरा, सुरुवाल, कोट, टोपी, साडी, चोलो लगाएर कार्यक्रममा उपस्थित हुदा राष्ट्रिय महत्व आफैमा बढेको छ । विश्वभर नेपालीको पहिचानको परिचय दिइरहदाँ शिरमाथी लगाएको ढाका टोपी दौरा सुरुवाल हो । नेपाल र नेपाली चिनाउने राष्ट्रिय पोशाक नै हो, त्यसैले यसको संरक्षणमा सबै लाग्नुपर्छ।"
प्रतिष्ठानका अध्यक्ष राजानन्द मण्डलले राष्ट्रिय झण्डा र राष्ट्रिय पोशाकको गरिमा र ओझ बढाउने कार्यमा सबै जिम्मेवारीपूर्वक लाग्नुपर्नेमा जोड दिए। सो अवसरमा राष्ट्रिय हित प्रवद्र्धनमा महत्वपूर्ण योगदान पुर्याउने विभिन्न व्यक्तित्वहरुलाई सम्मान गरिएको थियो। रासस

# रमेश लेखकको स्थान हद फुकुवा



**काठमाडौँ।**
भदौ २३ र २४ गतेको घटना सम्बन्धी जाँचबुझ आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखकको स्थान हद फुकुवा गरेको छ। बिहीबार आयोगको सचिवालयले गृह मन्त्रालयमार्फत लेखकलाई स्थान हद फुकुवा गरेको जानकारी गराएको हो।
लेखकलाई असोज १२ गते बसेको आयोगको बैठकले विदेश भ्रमणमा रोक लगाउने र आयोगको स्वीकृति बिना काठमाडौं उपत्यका छाड्न नपाउने निर्णय गरेको थियो। आयोगले सोमबारदेखि लेखकको बयान लिएकोमा बयान सकिएपछि स्थान हद फुकुवा गरेको हो। रासस

# सन् २०२५ मा १२८ पत्रकारको हत्या




**ब्रसेल्स।**
सन् २०२५ मा विश्वभर कुल १२८ जना पत्रकारको हत्या भएको अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आइएफजे) ले बिहीबार जनाएको छ। तीमध्ये आधाभन्दा बढी मध्यपूर्वमा भएको हो।

आइएफजेका महासचिव एन्थोनी बेलाङ्गरले भने, "सन् २०२४ भन्दा बढेको यो सङ्ख्या केवल तथ्याङ्क मात्र होइन, यो हाम्रा सहकर्मीहरूका लागि विश्वव्यापी रेड अलर्ट हो ।" प्रेस समूहले विशेष चिन्ता व्यक्त गर्दै प्यालेस्टिनी क्षेत्रहरूमा गाजामा हमास र इजरायलबीचको द्वन्द्वका क्रममा ५६ जना मिडिया पेशेवर मारिएका तथ्य प्रकाशमा ल्यायो।

बेलाङ्गरले भने, "हामीले यस्तो कहिल्यै देखेका छैनौंः यति छोटो समयमा, यति सानो क्षेत्रमा यति धेरै मृत्यु ।" यमन, युक्रेन, सुडान, पेरु, भारत र अन्य स्थानमा पनि पत्रकारहरूको हत्या भएको थियो । उनले आक्रमणको पछाडि रहेका व्यक्तिहरूलाई 'दण्डहीनता' को चेतावनी दिंदै निन्दा गरे । "न्यायबिना, यसले पत्रकारका हत्याराहरूलाई फस्टाउन दिन्छ", उनले भने।

विश्वभर हाल ५३३ पत्रकार जेलमा रहेको आइएफजेले बताएको छ । यो विगत आधा दशकमा दोब्बरभन्दा बढी भएको तथ्य हो । हङकङमा १४३ जना पत्रकारलाई जेलमा राखिएको छ, जहाँ अधिकारीहरूले असहमतिलाई खारेज गर्दै राष्ट्रिय सुरक्षा कानून लागू गरेका थिए । पश्चिमी राष्ट्रहरूले यसलाई आलोचना गर्दै हङकङलाई सबैभन्दा खराब जेलरको सूचीमा शीर्ष स्थान दिएको छ।

आइएफजेको तथ्याङ्क रिपोर्टर्स विदाउट बोर्डर्सको तुलनामा बढी देखिन्छ । यस वर्षको आइएफजे टोलमा नौ दुर्घटनामा मृत्यु भएका पत्रकारहरू पनि समावेश छन् । रिपोर्टर्स विदाउट बोर्डर्सले ६७ जना पत्रकारको हत्या रिपोर्ट गरेको छ भने युनेस्कोले ९३ जना राखेको छ। रासस

# अफगानिस्तान क्रिकेट बोर्डद्वारा आईसीसी पुरुष टी–२० विश्वकप २०२६ का लागि टिमको घोषणा




अफगानिस्तान क्रिकेट बोर्डले आईसीसी पुरुष टी–२० विश्वकप २०२६ का लागि टिमको घोषणा गरेको छ। भारत र श्रीलंकामा आयोजना हुने विश्वकपका लागि राशिद खानको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो।

अफगानिस्तानको टोलीमा कप्तान राशिदसँगै मोहम्मद नबी, नूर अहमद, अब्दुल्लाह अहमदजाई, सिदिकुल्लाह अतल, फजलहक फारुकी, रहमानुल्लाह गुरबाज, नवीन उल हक, मोहम्मद इसहाक, शाहिदुल्लाह कमाल, गुलबदिन नाइब, अजमतुल्लाह उमरजाई, मुजीब उर रहमान, दारविश रसूली र इब्राहिम जद्रान छन्। अफगानिस्तानले रिजर्भ खेलाडीमा एएम गजनफर, इजाज अहमदजाई र जिया उर रहमान शरिफीलाई राखेको छ। अघिल्लो सिजन सेमिफाइनलसम्म पुगेको अफगानिस्तान यसपटक न्युजिल्यान्ड, दक्षिण अफ्रिका, क्यानडा र यूएईसँग समूह 'डी' मा छ। अफगानिस्तानले विश्वकप अगाडि वेस्ट इन्डिजविरुद्धको टी–२० अन्तर्राष्ट्रिय श्रृंखला खेल्नेछ।

# सन् २०२६ लाई आतशबाजीसँगै स्वागत

**न्युयोर्क।**
विश्वभरका मानिसहरूले एक अस्थिर वर्षलाई बिदाई दिंदै बिहीबार सन् २०२६ को सुरुआत उत्साह र आतशबाजीका साथ मनाएका छन् । सन् २०२५ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वव्यापी व्यापार प्रवद्र्धन गरे, युक्रेनमा क्रूर द्वन्द्व भड्कियो र तापमान बढ्दै गयो।

विनाशकारी गाजामा नाजुक युद्धविराम भए पनि सुडानमा हिंसा निरन्तर रह्यो । भ्याटिकनमा नयाँ अमेरिकी पोपको स्थापना भयो, विश्वले अग्रगामी प्राणीशास्त्री जेन गुडअललाई गुमायो र लाबुबु पुतलीहरूले विश्वव्यापी चिन्ता र उत्सुकता सिर्जना गर्‍यो।




सिड्नीमा मध्यरातको आतशबाजी अघि बोन्डी बिचमा सामूहिक गोलीबारीका पीडितहरूको सम्झनामा एक मिनेट मौन धारण गरियो । ३० वर्षको सबैभन्दा घातक सामूहिक गोलीबारीपछि तटरेखामा भारी सुरक्षा व्यवस्था गरियो र सिड्नी हार्बर ब्रिजलाई शान्तिको प्रतीकका रूपमा सेतो प्रकाशमा नुहाइएको थियो।

प्रशान्तका राष्ट्रहरू, सियोल र टोकियोले सिड्नीको उत्सवलाई प्रत्यक्ष र अनलाइन मार्फत मनाए । हङकङमा नोभेम्बरको आगलागीमा मारिएका १६१ जनाको सम्मानमा मुख्य आतशबाजी रद्द गरिएको थियो।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुससँगको लडाइँ अन्त्य गर्ने सम्झौताबाट अझै १० प्रतिशत टाढा रहेको बताए । रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले नयाँ वर्षको सम्बोधनमार्फत देशवासीलाई दोस्रो विश्वयुद्धपछिको युरोपको सबैभन्दा घातक द्वन्द्वमा विजय दिलाउने विश्वास व्यक्त गरे । युक्रेनी सहर विश्गोरोडमा ब्युटी सलुनकी प्रबन्धक डारिया लुस्चिकले युद्धले उनको कामलाई कठिन बनाएको तर ग्राहकहरू अझै पनि आइरहेको बताए । "हाम्रा केटीहरू भित्र आउन र आफूलाई ग्लैम बनाउनबाट कुनै पनि कुराले रोक्न सक्दैन", उनले भने । सन् २०२५ ले धेरैका लागि तनाव र उत्साह ल्यायो । पप स्टार टेलर स्विफ्टले अमेरिकी फुटबल खेलाडी प्रेमी ट्राभिस केल्ससँग सगाई गरे र के–पप समूह बिटिएसले लामो प्रतीक्षा पछि पुनरागमन गरे।

ट्रम्प जनवरीमा राष्ट्रपति बने, कर वृद्धि सुरु गरे जसले विश्वव्यापी व्यापार र शेयर बजारलाई असर गर्‍यो । उनले इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग पाँच बैठक गरे र मार–ए–लागोमा भव्य समारोहमा आतिथ्य दिए। अक्टोबरमा ट्रम्पको दबाबमा इजरायल र हमासबीच नाजुक युद्धविराम भयो।

सिरियामा आन्तरिक चुनौती हुँदाहुँदै पनि जनता आशावादी देखिए । दमास्कसका बासिन्दाहरूले बशर अल–असदको पतनपछि नयाँ वर्ष मनाए । मार्केटिङ प्रबन्धक सहर अल–सइदले भने, "जनता खुसी छन्, सबै एकजुट छन् र भगवानले चाहे यो वर्ष राम्रो हुनेछ।"

दुबईको बुर्ज खलिफामा भव्य आतशबाजी र लेजर प्रदर्शनका लागि हजारौँ दर्शक लाइनमा उभिए । रियो डी जेनेरियोको कोपाकाबाना समुद्र तटमा २५ लाखभन्दा बढी मानिस सहभागी भए । अमेरिका, बुल्गेरिया र एडिनबर्गका सहरमा पनि उत्सव र मनोरञ्जन चल्यो । न्युयोर्कमा टाइम्स स्क्वायरमा परम्परागत बल ड्रपका लागि हजारौँ मानिस भेला भए। नजिकै सिटी हलमा जोहरान ममदानीले मुस्लिम मेयरका रूपमा शपथ लिए।

आउँदो वर्ष खेलकुद, अन्तरिक्ष र एआईमा चुनौती र उत्साहका वर्षको रुपमा रहनु अपेक्षित छ। फेब्रुअरीमा इटालीमा शीतकालीन ओलम्पिक, मध्यवर्षमा अमेरिका, मेक्सिको र क्यानाडामा फुटबल विश्वकप र नासाले चन्द्रमामा १० दिनको परिक्रमा गर्ने योजना बनाइरहेको छ । वर्षौंको उत्साहपछि एआईले बजारमा अनिश्चितता सिर्जना गरिरहेको छ। रासस

# युक्रेनी आक्रमणमा कम्तीमा २४ जनाको मृत्यु भएको रुसको दाबी




**मस्को**
युक्रेनको दक्षिणी खेरसोन क्षेत्रको रुसको नियन्त्रणमा रहेको क्षेत्रमा युक्रेनी ड्रोन आक्रमणमा परी कम्तीमा २४ जनाको मृत्यु भएको र र ५० भन्दा बढी व्यक्ति घाइते भएको मस्कोका गभर्नर र रुसी अधिकारीहरूले बताएका छन्।


"ब्ल्याक सीको तटीय ग्रामिण इलाकामा रहेको एक क्याफे र होटलमा तीनवटा यूएभीले आक्रमण भएको र यसबाट २४ जनाको मृत्यु भएको र ५० भन्दा बढी व्यक्ति घाइते भएका छन्," गभर्नर भ्लादिमिर साल्डोले आक्रमणको पुष्टि गर्दै टेलिग्राममा लेखेका छन्।

रुसी अनुसन्धान समितिले २० जनाभन्दा बढीको मृत्यु भएको र कैयौँ घाइते भएको आक्रमणबारे अनुसन्धान सुरु गरेको जनाएको छ । साल्डोले टेलिग्राममा पोस्ट गरेका तस्वीरहरूमा आगोले जलेको भवन, धुँवादार भग्नावशेषको थुप्रो र जलेका मृत शरीरहरू देखिएका थिए।

रुसी विदेश मन्त्रालयकी प्रवक्ता मारिया जाखारोभाले युक्रेनले सर्वसाधारणमाथि 'आतंकवादी हमला' गरेको आरोप लगाएका छन् । युक्रेनी अधिकारीहरूले यस विषयमा कुनै टिप्पणी गरेका छैनन् । खोरली गाउँ 'ब्ल्याक सी' तटमा रूसी प्रायद्विपमा अवस्थित छ र फेब्रुअरी २०२२ मा युक्रेन विरुद्ध रूसी सेनाले सुरु गरेको आक्रमणको सुरुवातमा रूसी नियन्त्रणमा परेको थियो।

सन् २०२२ को शरद ऋतुमा युक्रेनी सेनाले प्रत्याक्रमणको क्रममा क्षेत्रीय राजधानी सहित खेरसोन क्षेत्रको ठूलो भाग पुनः कब्जा गरेको थियो । रासस/एएफपी

# जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री ओलीलाई पत्राचार गन



**काठमाडौं।**
गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनसँग सम्बन्धित विषयमा जाँचबुझ गर्न गठित आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बयानका लागि पत्राचार गर्ने भएको छ।

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले आज सञ्चारकर्मीको प्रश्नको जवाफमा तत्कालीन गृहमन्त्री रमेश लेखकसँग बयान लिने काम सम्पन्न भएसँगै अब तत्कालीन प्रधानमन्त्री ओलीलाई बयानमा बोलाउन पत्रचार गर्न लागेको स्पष्ट गरे।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवम् तत्कालीन प्रधानमन्त्री ओलीले सो आयोगको कानुनी हैसियत र स्वच्छतामा प्रश्न उठाउँदै बयान दिन आयोगमा नजाने पक्षमा आफ्नो भनाइ सार्वजनिक गरिरहेको अवस्थामा आयोगले पत्राचार गरेको हो।

यसैगरी आयोगलाई थप गरिएको समय सीमाभित्र प्रतिवेदन बुझाउने गरी आफूहरूले काम गरिरहेको उनले बताए । गत असोज ५ गतेको मन्त्रिपरिषद् बैठकबाट गठित तीन सदस्यीय आयोगको कार्यकाल आगामी माघ ५ गतेसम्मका लागि थप गरिएको छ। रासस

# किमद्वारा नयाँ वर्षमा रुससँगको गठबन्धनको प्रशंसा

उत्तर कोरियाली नेता किम जोङ उनले नयाँ वर्षको सन्देशमा रुससँग बनाएको 'अजेय गठबन्धन' को प्रशंसा गर्दै विदेशमा लडिरहेका आफ्ना सैनिकको सराहना गर्नुभएको छ । उहाँले आफ्नो सेनालाई राष्ट्रको सम्मानको 'वीरतापूर्ण' रक्षाका लागि बधाई दिंदै उनीहरूलाई 'साहसी बन्न' निर्देशन दिनुभएको राज्य सञ्चालित कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले बिहीबार जनाएको छ।

दक्षिण कोरियाली र पश्चिमी गुप्तचर निकायका अनुसार प्योङयाङले युक्रेनमा रुसको करिब चार वर्ष लामो आक्रमणमा हजारौँ सेना पठाएको छ । दक्षिण कोरियाको अनुमान अनुसार कम्तीमा ६०० जनाको मृत्यु भइसकेको छ र हजारौँ घाइते भएका छन् । विश्लेषकहरूले उत्तर कोरियाले रुसबाट आर्थिक सहायता, सैन्य प्रविधि र खाद्यान्न तथा ऊर्जा आपूर्ति गरिरहेको बताएका छन् ।किमले सैनिकलाई 'विदेशी भूमिमा बहादुरीका साथ लडिरहेका' भनी सम्मान गर्दै भन्नुभयो, "तपाईंको पछाडि प्योङयाङ र मस्को छन् ।" उहाँले रुससँगको गठबन्धन बलियो बनाउन सैनिकलाई 'भ्रातृ रूसी जनताका लागि' लड्न आह्वान गर्नुभयो।

केसिएनएले किमको नयाँ वर्षको भाषण र मे डे स्टेडियममा भव्य उत्सव प्रदर्शनको तस्बिर सार्वजनिक गरेको छ, जसमा उहाँकी पत्नी रि सोल जु र छोरी जु एई पनि देखिनुभएको छ। छोरीलाई सम्भावित उत्तराधिकारी मानिन्छ ।विश्लेषकहरूका अनुसार रुससँगको गहिरो गठबन्धनले किमको शासनलाई आर्थिक र सैन्य जीवनरेखा प्रदान गर्दै उहाँलाई अमेरिका र दक्षिण कोरियाबाट आएको वार्ता प्रस्ताव अस्वीकार गर्ने स्वतन्त्रता दिएको छ । क्युङ्गनाम विश्वविद्यालयका प्राध्यापक लिम युल–चुलले भन्नुभयो, "विदेशी सैन्य अपरेसन वा सहयोग अब असाधारण छैन, तर आधिकारिक रक्षा नीतिको भागका रूपमा समाहित भएको छ।"

यद्यपि, स्थलगत विवरणले युरोपको सबैभन्दा रक्तपातपूर्ण युद्धमा उत्तर कोरियाली सैनिकको स्थिति गम्भीर रहेको देखाउँछ । दक्षिण कोरियाली गुप्तचर सेवा र युक्रेनले पत्ता लगाएका दुई सैनिकले बन्दी बनाइएपछि आत्महत्या आदेश पाएको र हाल उनीहरू दक्षिणतर्फ फर्कन इच्छुक रहेको बताएका छन्। रासस

# हामीले आफ्नो संस्कृति भुल्नुहुँदैनः प्रधानमन्त्री कार्की



**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो संस्कृति नभुल्न र भावि सन्ततिलाई मौलिक सम्पदा हस्तान्तरण गर्दै लैजान आग्रह गरेकी छन्।

नेपाल मगर सङ्घको प्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री कार्कीले आफ्नो मौलिक संस्कार, संस्कृति र परम्पराको जगेर्ना गरी नयाँ पिँढीमा हस्तान्तरण गर्दै लैजानुपर्ने धारणा राखिन्।

सङ्घका अध्यक्ष ज्ञानेन्द्र पुनमगरको टोली प्रधानमन्त्री कार्कीलाई आउँदो माघेसङ्क्रान्तिमा आयोजना गरिने कार्यक्रममा सहभागिताको निम्तो दिन बालुवाटार आएको हो। उक्त टोलीसँग कुराकानी गर्दै प्रधानमन्त्री कार्कीले भनिन्, "अब राजनीति होस् या सांस्कृतिक फाँट, युवालाई नै अघि सार्नुपर्छ । विविध मौलिक परम्परा र संस्कृति हाम्रा अमूल्य निधि हुन् । तिनको जगेर्ना गर्दै नयाँ पिँढीलाई हस्तान्तरण गर्दै जानुपर्छ ।"उक्त टोलीमा सङ्घका पदाधिकारी, कलाकार तथा जेनजी अभियन्ता पनि सहभागी थिए। रासस

# करिब छ महिनापछि सञ्चालनमा आयो रसुवागढी नाका



**रसुवा ।**
नेपालको उत्तरी रसुवागढी अन्तरराष्ट्रिय नाका बिहिबार देखि पूर्ण रूपमा सञ्चालनमा आएको छ । रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीका अनुसार गत असार २४ गते ल्हेन्देखोलामा आएको बाढीले मितेरी पुल बगाएपछि पूर्ण रूपमा बन्द भएको उक्त नाका बिहिबार बिहानदेखि सञ्चालनमा आएको हो ।
नाका सञ्चालनका लागि चीन सरकारले ९१ मिटर लम्बाइको बेलिब्रिज निर्माण गरेपश्चात् सवारीसाधन सञ्चालनमा आएका उनले जानकारी दिए । उनका अनुसार पुलको भारवहन क्षमता ५५ टन बराबर रहेको छ । केरुङ नाका खुलेपश्चात् चिनियाँ सामान आयातका लागि आठ वटा नेपाली कन्टेनर मितेरी पुल पार गरी केरूङतर्फ प्रस्थान गरिसकेका जनाउँदै सीमा प्रहरीचौकी टिमुरेका प्रहरी निरीक्षक विक्रम कुँवरले केही सवारीसाधन त्यसतर्फ जानका लागि तयारी अवस्थामा रहेका बताए ।
सामान आयातको करबाट सङ्कलन हुने राजस्व गत वर्षको तुलनामा चालु आर्थिक वर्षको हालसम्म २२ अर्बभन्दा बढी नोक्सान भइसकेको प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईले जानकारी दिए । स्याफ्रुबेँसी–सुवागढी खण्डको सडक जीर्ण हुँदा मालवाहक सवारीसाधन सञ्चालनमा समस्या हुनुका साथै सम्भावित दुर्घटना न्यूनीकरण गरी जनधनको सुरक्षामा विशेष ध्यानदिन सरोकार भएका निकायलाई आग्रह गरिएको सवारी चालक रसुवा यार्साका सुकु तामाङले बताए ।
गत असार २४ गतेको बाढीले दर्जनौँ स्थानका सडक कटान गरी गल्छी–रसुवागढी सडक सुधार आयोजनाले मर्मत गरे पनि सडकको ट्रयाक खोल्ने काम मात्र भएको थियो । उक्त समयमा टेवा पर्खाल मजबुत बनाउन नसक्दा सवारीसाधन सञ्चालनमा जोखिम बन्दै गएपछि सवारीचालकहरूले समस्या समाधानका लागि आग्रह गरेका हुन् । रासस

# समानुपातिकको बन्दसूची सच्याउन दलका प्रतिनिधिसँग आयोगद्वारा छलफल

काठमाडौं। निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको बन्दसूची पेस गरेका राजनीतिक दललाई पालैपालो बोलाएर देखिएका त्रुटि औँल्याउने काम गरिरहेको छ । पेस भएका सूचीको जाँचबुझ र दलका प्रतिनिधिसँगको छलफलपछि देखिएका कमजोरी सच्याएर पेस गर्न यही पुस २० गते औपचारिक पत्राचार गर्ने आयोगले जनाएको छ।
आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले बन्द सूची पेस गर्ने दलले समावेशीको समूह (क्लष्टर) मिलाए÷नमिलाएकोलगायत विवरण जाँच गरी सम्बन्धित




दलका प्रतिनिधिलाई बोलाएर छलफल भइरहेको जानकारी दिए। उनले बुधबार १२ दलका प्रतिनिधिको रोहबारमा छलफल भएको बताउँदै आज पनि १२ दलसँग छलफल गर्ने तालिका रहेको जानकारी दिए।
आयोगमा यही पुस १३ र १४ गते ६४ राजनीतिक दलले बन्दसूची पेस गरेका थिए । त्यसमध्ये २२ दलले मात्रै ११० वटै स्थानमा उम्मेदवारी मनोनयन गरेका छन् । सूचीअनुसार औसतप्रति निर्वाचन चिह्नमा उम्मेदवारी दिने दलको सङ्ख्या ६० देखिएको छ। यस्तै न्यूनतम ११ स्थानमा बन्दसूची पेस गर्ने दलको सङ्ख्या १० रहेको छ। यसैगरी एकल चिह्न लिएका दल १० रहेका आयोगले जनाएको छ।
आयोगमा ९३ राजनीतिक दलले यस प्रणालीमा उम्मेदवारी दिन आवेदन दिएका थिए पनि बन्दसूची पेस गर्ने ६४ दल मात्रै भएका छन्। आयोगले यही पुस २१ गतेदेखि २७ गतेसम्म पेस भएको विवरण मिलाउन दललाई समय दिनेछ। यही पुस २८ गतेदेखि आगामी माघ ३ गतेसम्म दलले मिलाएको बन्दसूची जाँच गरी आगामी माघ २० गते अन्तिम सूची प्रकाशन गरिने आयोगका सहायक प्रवक्ता जिसीले जानकारी दिए। आयोगमा यो प्रणालीको निर्वाचनका लागि स्थापित निर्वाचन अधिकृतको कार्यालयमा तथ्याङ्क, प्रविधि र कानुनी क्षेत्रका विज्ञहरू कार्यरत छन्। रासस

# हिट एण्ड रन नियन्त्रणमा प्रहरी सक्रिय

नारायणगढ (चितवन) । पछिल्लो समय विभिन्न सवारीसाधनले ठक्कर दिएर फरार हुने (हिट एण्ड रन)का घटना बढ्दै गएका छन् । सवारीसाधनको चाप बढेसँगै दुर्घटना गराएर भाग्ने प्रवृत्ति पनि बढेको प्रहरीको भनाइ छ । यस्तो अवस्थामा दुर्घटनापछि चालकले पूरा गर्नुपर्ने कर्तव्यबारे जनचेतना आवश्यक देखिएकाले सचेतनामूलक अभियान सञ्चालनको तयारी भइरहेको छ । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार 'हिट एण्ड रन' गर्नु चालकको गम्भीर लापरबाही हो । यस्तो घटनालाई प्रहरीले नछाड्ने र चालक भागेमा खेजेर कानुनी दायरामा ल्याउने गरिएको उनले बताए ।
प्रमुख प्रहरी उपरीक्षक पुरीले भने, "हिट एण्ड रनका घटना भएमा प्रहरीले जसरी पनि पत्ता लगाएर कारबाही अघि बढाउँछ । ठक्कर दिएर चालक



भागेमा को पनि उम्कन पाएका छैनन् र पाउँदैनन् । प्रहरीले कानुनी कारबाही अवश्य गर्छ ।" उनका अनुसार गत साउनयता जिल्लामा १५ वटा हिट एण्ड रनका घटना दर्ता भएका छन् ।
उनले भने, "चितवन देशको मध्य भागमा पर्ने सहर हो । पूर्व–पश्चिम राजमार्ग र काठमाडौँ प्रवेश गर्ने मुख्य सडक यहीँ भएर जाने भएकाले यहाँ सवारीको चाप बढी हुन्छ ।" सवारीसाधनको आवागमन बढी हुने भएकाले दुर्घटना पनि तुलनात्मक रूपमा बढी हुने उनले बताए । प्रमुख पुरीका अनुसार जिल्लामा प्रहरी हिट एण्ड रनका घटनालाई नियन्त्रण गर्न विशेष संयन्त्र बनाएर काम गर्दै आइएको छ । उनले थपे, "राजमार्गमा ठक्कर दिएर भाग्ने प्रवृत्ति देखिन्छ भने भित्री सडकमा पनि यस्ता घटना केही कम हुने गरेका छन् । साउनयता भएका १५ वटै घटनाको प्रहरीले पहिचान गरिसकेको छ ।"
प्रमुख प्रहरी उपरीक्षक पुरीले केही समयअघि एक हिट एण्ड रनको घटनाको वास्तविकता ४९ दिनपछि पत्ता लगाई कानुनी कारबाही अघि बढाइएको उदाहरणसमेत प्रस्तुत गरे । दुर्घटना गराएर भाग्नुले समस्या झन् जटिल हुने उल्लेख गर्दै उनले भने, "दुर्घटना गरेपछि भागेँ भने बचिहाल्छु, कारबाही हुँदैन भन्ने सोच गलत हो । सवारी चालकले यस्तो सोच सच्याउन जरुरी छ ।"
दुर्घटना भएको खण्डमा तुरुन्तै प्रहरीलाई जानकारी गराई आत्मसर्मपण गर्नुपर्ने उनको सुझाव छ । चालकले आफ्नो कमजोरी वा गल्ती स्पष्ट रूपमा प्रहरीलाई बताउनुपर्नेमा उनले जोड दिए । दुर्घटनाको जानकारी तत्काल प्रहरीलाई गराएमा समस्या कम हुने, घाइतेको उपचार छिटो हुने, ज्यान जोगिन सक्ने र कानुनी प्रक्रियासमेत सहज हुने उनले बताए ।
हिट एण्ड रन गरेर फरार भएमा झन् कडा कारबाही हुनसक्ने विषयका बारेमा पनि प्रमुख प्रहरी उपरीक्षक पुरीले स्पष्ट पारे । जिल्ला प्रहरी कार्यालय चितवनले यस्ता हिट एण्ड रनका घटना दोहोरिन नदिन विशेष सतर्कता अपनाएर काम गरिरहेको उनले बताए । रासस

# कोशी प्रदेश सरकार शीघ्र पुनर्गठन गरिने मुख्यमन्त्री कार्कीको भनाइ

**मोरङ ।**
कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश सरकार शीघ्र पुनर्गठन गर्ने बताएका छन् । प्रेस चौतारी नेपाल मोरङद्वारा बिहिबार विराटनगरमा आयोजित प्रदेशस्तरीय शालिग्राम–मञ्जु दाहाल पत्रकारिता पुरस्कार वितरण कार्यक्रममा उनले प्रदेश सरकार पुनर्गठनका विषयमा गठबन्धन दलका नेतासँग छलफल गरी निर्णय गर्ने जानकारी दिए ।



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेतासमेत रहेका मुख्यमन्त्री कार्कीले आफ्नो पार्टी आगामी संसदीय निर्वाचनबाट नभाग्ने बताउँदै यसका लागि सरकारले निष्पक्ष र भयरहित वातावरणमा मतदान गर्ने अवस्था सिर्जना गर्नुपर्नेमा जोड दिए । मुख्यमन्त्री कार्कीले सोही कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११औँ महाधिवेशनमा मोरङबाट केन्द्रीय सदस्य जीवन घिमिरे, ऋषिकेश पोखरेल, दिलीप अग्रवाल र पर्शुराम बस्नेतलाई बधाई दिएका थिए । त्यसैगरी यस वर्षको शालिग्राम–मञ्जु दाहाल पत्रकारिता पुरस्कारबाट उदयपुरको कटारीकी रेणु पराजुलीलाई २१ हजारसहित सम्मानित गरिएको छ । चौतारी मोरङ अध्यक्ष चीना थापा, इन्चार्ज सुमन सुस्केरा, उपाध्यक्ष जुनु भट्टराईलगायतले समाजमा पछाडि परेका वर्गको उत्थानमा सञ्चारकर्मीले कलम चलाउनुपर्ने सुझाव दिए । रासस

# वर्तमान सरकारले निर्वाचनमार्फत जिम्मेवारी हस्तान्तरण गर्नेछः गृहमन्त्री अर्याल



**काठमाडौँ ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकार विधिको शासन, भ्रष्टाचारमुक्त प्रशासनको प्रत्याभूति गर्दै सुशासन कायम गरी निर्वाचनमार्फत जिम्मेवारी हस्तान्तरण गर्ने उद्देश्यसहित निर्वाचनको तयारीमा लागिसकेको बताएका छन् ।
अध्यागमन विभागद्वारा बिहिबार आयोजित 'विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली' (एफएनएमआइएस) कार्यक्रमको शुभारम्भ गर्दै मन्त्री अर्यालले आसन्न निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न यथास्थानबाट सरोकार भएका सबैको यथोचित भूमिकाको अपेक्षा पनि सरकारले गरेको बताए ।
उनले नेपाल भ्रमण गर्ने विदेशी नागरिकको भ्रमण सुरक्षा, सूचनामा सहजीकरण, सम्भावित अपराध नियन्त्रण र नेपालको पर्यटन प्रवद्र्धनमा सहयोग पु¥याउने उद्देश्यले आज शुभारम्भ भएको यस प्रणाली अध्यागमन सूचना व्यवस्थापन प्रणालीमा एक कोशेढुङ्गा साबित हुने विश्वास व्यक्त गरे ।
विभागका महानिर्देशक रामचन्द्र तिवारीले यस प्रणालीले अध्यागमन कानुन बमोजिम विदेशी नागरिकको आवतजावत र बसाइँलाई प्रभावकारी बनाउने, आगन्तुकको व्यक्तिगत सुरक्षा थप मजबुत बनाउने, विपद्को समयमा खोजी तथा उद्धारमा सहजीकरण गर्ने, नेपाल बसाइँका क्रममा हुनसक्ने अवाञ्छित क्रियाकलापलाई निगरानी गर्ने, अपराध भएमा अनुसन्धान प्रभावकारी बनाउने र विश्वस्तरमा नेपाललाई सुरक्षित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सहयोग पुर्‍याउने रहेको बताए । रासस

# नख्खु कारागारबाट फरार ३० प्रतिशत कैदीबन्दी सम्पर्कविहीन



**ललितपुर ।**
ललितपुरस्थित नख्खु कारागारबाट जेनजी आन्दोलनको क्रममा फरार भएका कैदीबन्दीमध्ये ३० प्रतिशत अझै सम्पर्कमा आएका छैनन् । गत भदौ २४ गते नख्खु कारागारमा भएको घटनापछि विभिन्न मुद्दामा दोषी ठहर भई सजाय भोगिरहेका एक हजार २८० जना कैदीबन्दी फरार भएका थिए । कारागार प्रशासनका अनुसार हालसम्म तीमध्ये ७० प्रतिशत कैदीबन्दी स्वेच्छाले वा सुरक्षा निकायको समन्वयमा कारागार फर्किसकेका छन् भने बाँकी ३० प्रतिशत अझै फरार अवस्थामा छन् ।
नख्खु कारागारका प्रमुख दीर्घराज उपाध्यायका अनुसार फरार कैदीबन्दीको खोजीकार्य निरन्तर जारी छ । उनले भने, "फरार कैदीबन्दीको खोजी नेपालभित्र मात्र नभई मुलुक बाहिरसम्म पनि भइरहेको छ । कानुनअनुसार सबै फरार कैदीबन्दीलाई कारागार फर्काउने अभियानमा हामी सक्रिय छौँ ।"कारागार विभागले तोकेको समयसीमा अनुसार गत असोज २० गतेसम्म कारागारमा नफर्कने कैदीबन्दीलाई कारागार ऐन, २०७९ तथा अन्य प्रचलित कानुनअनुसार कारबाही गरिने जानकारी यसअघि सार्वजनिक गरिएको थियो । कारागार प्रशासनले फरार कैदीबन्दीको खोजी तथा नियन्त्रणमा सहयोग गर्न कैदीबन्दीका परिवारजन, सुरक्षा निकाय, स्थानीय तह, सञ्चारमाध्यम, सम्बन्धित सरकारी कार्यालय तथा सरोकार भएका सबै पक्षलाई सहयोगका लागि आग्रह गरेको छ । रासस

# सुदूरपश्चिम प्रदेशसभाः दलित सशक्तीकरण विधेयकमाथि छलफल

**सुदूरपश्चिम ।**
सुदूरपश्चिम प्रदेशसभाको बिहिबारको बैठकमा 'दलित सशक्तीकरण ऐन २०७८लाई संशोधन गर्न बनेको विधेयक'माथि छलफल भएको छ ।सामाजिक विकासमन्त्री मेघराज खड्काले विधेयकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै दलित सशक्तीकरण ऐन २०७८ को कतिपय बुँदामा भाषागत र कानुनी समस्या देखिएर अहिलेसम्म पनि कार्यान्वयन हुन नसकिरहेकाले संशोधन विधेयक ल्याउनु परेको स्पष्ट पारे ।
यसअघि मन्त्री खड्काले उक्त विधेयकमाथि छलफल गरियोस् भनी बैठकमा प्रस्ताव पेस गरेका थिए । विधेयकमाथिको सामान्य छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य ललिता सुनारले विधेयकमा संशोधित कुरा दलित समुदायको हकहितका साथै सामाजिक न्याय र समानताका लागि महत्वपूर्ण रहेको बताए ।
अर्का सदस्य लक्ष्मी विकले लोकतन्त्रको अनुभूति र विभेद तथा वञ्चितिकरणमा परेको समुदायलाई अनुभूति हुनेगरी संशोधन गर्नुपर्ने बताइन् । आजको बैठकमा आन्तरिक मामिला तथा कानुनमन्त्री हीरा सार्कीले 'सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन तथा सञ्चालन पहिलो संशोधन विधेयक २०८२'लाई सभा समक्ष टेबुल गरे ।
सार्वजनिक लेखा समितिका सभापति अक्कलबहादुर रावलले स्वीकृतिका लागि प्रस्तुत गरेको समितिको तेस्रो वार्षिक प्रतिवेदन २०८२ को प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ । बैठकको प्रारम्भमा सभामुखसँग समय लिएर सदस्य चक्रबहादुर मल्लले विधेयकका बारेमा पहिले अध्ययन र छलफलको मौका दिएर मात्र विधेयक सभामा पेस गर्न ध्यानाकर्षण गराए ।
जेनजी आन्दोलनमा क्षति पुगेको प्रदेशसभा भवनको मर्मत पूरा भएपछि यही पुस १६ गते बुधबारदेखि प्रदेशसभाको चालु अधिवेशन अन्तर्गतको बैठक सुचारु भएको हो । चालु अधिवेशन अन्तर्गतको पछिल्लो बैठक गत भदौ ५ गते बसेको थियो । रासस



*नारायणीमा पुल निर्माण हुँदैः नारायणगढ–गैँडाकोट जोड्ने नारायणी नदीमाथि निर्माणाधीन आइकोनिक केबल–स्टेड पुलको फाउन्डेसन तयारीका क्रममा साइट क्याम्पमा स्टिल केज तथा छड बाँध्ने काम गर्दै मजदुर । तस्बिरः सनद अधिकारी*

# ठोरीमा पर्यटकको घुइँचो

**मधेशदृष्टि**
**वीरगंज ।**
नयाँ वर्ष मनाउने आन्तरिक तथा वाह्य पर्यटकको बिहीबार बिहानैदेखि पर्साको ठोरीमा घुइँचो लागेको छ । ठोरी–२ मा पर्ने पर्यटकीय क्षेत्रहरू राईधारा, गणेशमान पार्क, ठुटेखोला, सीतागुफा, सुन्दरबस्ती, रेडहिल पार्क, मनमोहन पार्क, रानी वन, सिंगेडाँडामा पर्याटक भरिभराउ भएका थिए । यसैगरी, ठोरी ३ को चिसोपानी, ओडार मुहानलगायतका क्षेत्र र वडा नं. ५ को गडुवालाइन पार्क, बाघमोर्चा लगायतका क्षेत्रहरूमा पर्यटकहरुको घुइँचो लागेको हो ।

भारतको विहारको पश्चिमी चम्पारण, पूर्वी चम्पारण, बेतिया, मुजफ्फरपुर, मोतीहारी, पटना, नरकटियागंज लगायतका स्थानबाट नयाँ वर्ष मनाउन गाडी, घोडा बाजागाजासहित पर्यटक ठोरी आइपुगेका स्थानीय होटल व्यवसायी दिनेश नेपालले बताए । त्यसैगरी, नेपालको बारा, पर्सा, रौतहट, चितवन र सर्लाहीलगायतका स्थानदेखि पर्यटक ठोरी आइपुगेका छन् । टाढाबाट ठोरी आउने पर्याटक ठोरीमै रात बस्ने गरेका छन् भने नजिकका पर्यटक सोही दिन फर्कने गरेका छन् । स्थानीय होटल र होमस्टेसमेत अग्रिम बुकिङ भइसकेको थियो ।

यसैबीच बिहीबार ठोरी घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई ठोरी गाउँपालिकाले स्वागत तथा सम्मान गरेको छ । टोपी दिवस परेको हुँदा ठोरी प्रवेश गर्ने शुरुका एक सय पर्यटकलाई ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले ढाकाटोपी, खादा तथा टीका लगाई स्वागत गरेका थिए ।

पर्यटकको शान्ति सुरक्षाका लागि इलाका प्रहरी कार्यालय ठोरी तथा सशस्त्र सीमा सुरक्षा बल ठोरीको नेतृत्वमा अन्य पालिकाबट समेत फोर्स माग गरी शान्ति सुरक्षा चुस्त बनाइएको इलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक निलन बहादुर बिकले जानकारी दिए ।

# मध्यराति सशस्त्रको गोलीले सर्वसाधारण ठहरै

**मधेशदृष्टि**
**सुनसरी ।**
सुनसरीको कोसी गाउँपालिका–१ लौकहीमा सशस्त्र प्रहरीको गोली लागेर ४५ वर्षीय विजय साहको मृत्यु भएपछि उत्पन्न तनाव अन्त्य गर्न पीडित परिवार र स्थानीय प्रशासनबीच सहमति भएको छ ।

सुनसरीका प्ररहरी उपरीक्षक एसपी केशव कुमार थेवेका अनुसार, पीडित पक्षसँगको वार्तामा घटनाको छानबिन गर्ने र पीडित परिवारलाई राहत र रोजगारीमा सहयोग गर्ने सहमति भएको छ । सहमति अनुसार, घटनाको सत्यतथ्य पत्ता लगाउन उच्चस्तरीय छानबिन समिति गठन गरिनेछ ।

मृतक साह घरको एक्लो कमाउने व्यक्ति भएकाले उनका परिवारको आर्थिक अवस्थालाई ध्यानमा राख्दै, उनको श्रीमतीलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न प्रशासनले पहल गर्ने सहमति भएको छ ।

यसैगरी, मृतकका छोराले भविष्यमा सशस्त्र प्रहरी बलमा भर्ना हुन चाहेको खण्डमा, उनले आवश्यक योग्यता पूरा गरेमा कानूनी प्रक्रियाअनुसार आवश्यक सहजीकरण गरिने आश्वासन प्रशासनले दिएको छ । यी सहमतिसँगै पीडित परिवारले शवको पोस्टमार्टम गर्न र शव प्रहरीलाई हस्तान्तरण गर्न मन्जुरी दिएका छन् । बुधबार राति करिब १ बजे भारतबाट सामान ल्याउँदै गर्दा सशस्त्र प्रहरीले गोली चलाएर साहको मृत्यु भएको थियो ।

# बर्दिबासमा भारतीय पाहुना खचाखच

**महोत्तरी ।**
इस्वी संवत् २०२६ को स्वागतका लागि महोत्तरीको बर्दिबास क्षेत्रका होटल भारतीय पाहुनाले खचाखच छन् । बर्दिबासका ५० भन्दा बढी होटल भारतीय पाहुनाले खचाखच भएका हुन् ।

भारतको सीतामढी, शिवहर, मधुवनी, झञ्झारपुर, मधुवनी, दरभङ्गा र मुजफ्फरपुरसहितका भारतीय पाहुनाले बर्दिबासस्थित होटलमा निकै चहलपहल रहेको होटल गौतमका सञ्चालकसमेत रहनुभएका नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमले बताए ।

'पछिल्ला एक दशकयता नयाँ वर्षका अवसरमा बर्दिबास भारतीय पाहुनाको छनौटमा पर्दै आएको छ । यसले यहाँका पर्यटकीय स्थलको प्रवद्र्धनमा सहयोग पुगेको छ,' उनी भन्छन्, 'भारतीय पाहुनाहरू नयाँ वर्षका अवसरमा उत्सव मनाउन आउँदा यताका धार्मिक तथा पुरातात्विक महत्त्वका ठाउँको अवलोकनमा समेत निस्कने गरेकाले प्रचारप्रसारसमेत भइरहेको छ ।'

होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका अध्यक्ष तथा बर्दिबास–३ गौरीडाँडास्थित होटल गुञ्जका सञ्चालक गुञ्जबहादुर कार्कीले पनि नयाँ वर्षको स्वागतमा एक हजार बढी संख्यामा भारतीय पर्यटक बर्दिबासका विभिन्न होटलमा उत्सव मनाउन आएका बताए । बर्दिबासका साना–ठूला सबैजसो होटलमा भारतीय पाहुना रहेका उनको भनाइ छ ।

बर्दिबासबाट घुमफिर गर्न चुरेसम्म जान सकिने, वनक्षेत्र र प्राचीन धार्मिकस्थलको अवलोकन गर्न पाइने हुँदा उत्सव मनाउन यो ठाउँ मन परेको भारतीय पर्यटक बताउँछन् । सीतामढीबाट सपरिवार नयाँ वर्ष उत्सव मनाउन यहाँ आउनुभएका हरिओम शरण नारायण यहाँ आएपछि मन प्रफुल्ल हुने र एक–दुई दिन भए पनि कोलाहलबाट पर रहेको अनुभूति हुने गरेको सुनाउँछन् ।

यस अवसरलाई मनोरञ्जनपूर्ण बनाउन यहाँका होटलले सांस्कृतिक कार्यक्रमसँगै मधेशका विभिन्न परिकार पस्कने गरेका छन् । होटल व्यवसायी विष्णु थापाले नयाँ वर्ष आगमनको अवसरमा यस क्षेत्रमा दुई साता लामो शीतलहरले सेलाएको बजारमा चहलपहल बढाएको बताए ।

# प्रहरीद्वारा निजगढमा गाँजा फडानी

**मधेशदृष्टि**
**बारा ।**
निजगढ नगरपालिका–१२ स्थित कुलिया टोल क्षेत्रमा अवैध रूपमा लगाइएको करिब ८ कठ्ठा क्षेत्रफलको गाँजा खेती प्रहरीले फडानी गरी नष्ट गरेको छ । इलाका प्रहरी कार्यालय निजगढका प्रनानि आस महमद अन्सारीको कमाण्डमा खटिएको टोलीले १ हजार १ सयदेखि १ हजार २ सयसम्म गाँजाका बोट पूर्ण रूपमा नष्ट गरेको जनाएको छ ।

प्रहरीका अनुसार यस किसिमका कारबाही अवैध लागुऔषध उत्पादन तथा कारोबार नियन्त्रणका लागि नियमित रूपमा सञ्चालन भइरहेका छन् । प्रहरीले स्थानीय तहमा लागुऔषधविरुद्ध जनचेतना र निगरानी बढाउनसमेत सर्वसाधारणसँग आग्रह गरेको छ । यस घटनाले अवैध लागुऔषधविरुद्धको सरकारी प्रयासलाई निरन्तरता दिइरहेको देखाएको छ ।

# भर्चुअल सम्पत्तिसम्बन्धी रणनीतिक विश्लेषण प्रतिवेदन सार्वजनिक

**काठमाडौँ ।**
नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइले भर्चुअल सम्पत्ति (भर्चुअल एसेट)सम्बन्धी रणनीतिक विश्लेषण प्रतिवेदन–२०२५ सार्वजनिक गरेको छ ।

प्रतिवेदनमा नेपालमा भर्चुअल सम्पत्ति तथा सोसम्बन्धी गतिविधिबाट उत्पन्न हुनसक्ने सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी, साथै विनाशकारी हतियार निर्माण वा विस्तारसम्बन्धी जोखिमको विस्तृत विश्लेषण गरिएको छ ।

वित्तीय जानकारी इकाइद्वारा सञ्चालित 'गो–एएमयल' प्रणालीमा सन् २०२१ जनवरीदेखि २०२५ जुलाईसम्म दर्ता भएका शङ्कास्पद कारोबार तथा गतिविधि प्रतिवेदन, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्रोतबाट प्राप्त तथ्याङ्क र रणनीतिक विष्लेषणका आधारमा उक्त प्रतिवेदन तयार गरिएको हो ।

प्रतिवेदन कुनै विशेष व्यक्ति, संस्था वा मुद्दामा केन्द्रित नभई भर्चुअल सम्पत्तिको दुरुपयोगका विधि, प्रवृत्ति, ढाँचा र जोखिमका सूचकको पहिचानमा केन्द्रित गरिएको छ ।

नेपालमा भर्चुअल सम्पत्तिसम्बन्धी गतिविधि कानुनी रूपमा निषेधित रहेको उल्लेख गर्दै प्रतिवेदनले यस्ता गतिविधि अवैध वैदेशिक विनिमय (हुन्डी), अनलाइन वित्तीय ठगी, अनलाइन जुवा, व्यवसायको वास्तविक प्रकृति लुकाइएका कारोबार तथा 'मनी–म्युल' प्रयोगजस्ता आपराधिक गतिविधिसँग जोडिने गरेको निष्कर्ष प्रस्तुत गरेको छ ।

यस्ता प्रवृत्तिले औपचारिक वित्तीय प्रणालीलाई छल्दै सीमापार मूल्य स्थानान्तरण, तहगत कारोबार र अवैध आम्दानी लुकाउने कार्य सहज बन्नसक्ने जोखिम औँल्याइएको छ ।

प्रतिवेदनले भर्चुअल सम्पत्तिसम्बन्धी अनुसन्धान र नियन्त्रणमा प्राविधिक जटिलता, सीमापार अधिकार क्षेत्रसम्बन्धी चुनौती तथा भर्चुअल सम्पत्तिको जफत र व्यवस्थापनमा देखिने व्यावहारिक कठिनाइ प्रमुख चुनौतीका रूपमा पहिचान गरेको छ ।

त्यस्तै, प्रतिवेदनले सूचक संस्थाहरू, नियामक तथा सुपरीवेक्षण निकाय र कानुन कार्यान्वयन निकायका लागि लक्षित सुझाव प्रस्तुत गरेको छ । यसमा तथ्याङ्कको गुणस्तर सुदृढीकरण, जोखिममा आधारित निगरानी, अन्तरनिकाय समन्वय, प्राविधिक क्षमता अभिवृद्धि तथा जनचेतना विस्तारजस्ता कदम समावेश छन् ।

नेपालमा भर्चुअल सम्पत्तिसम्बन्धी कुनै पनि किसिमको कारोबार, प्रयोग, स्थानान्तरण वा लगानी प्रचलित कानुनबमोजिम पूर्ण रूपमा निषेधित रहेको प्रतिवेदनमा उल्लेख छ । यसले सरोकारवाला पक्षलाई सचेत र जिम्मेवार बनाउनेतर्फ महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको राष्ट्र बैंकले जनाएको छ ।

# लागुऔषधसहित दुई जना पक्राउ

**मधेशदृष्टि**
**रक्सौल ।**
भारत, रक्सौलको हरैया थाना प्रहरीले ठूलो परिमाणमा लागुऔषध सहित दुईजनालाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा रक्सौल वडा नं. ४ निवासी सुरजकुमार साह र वडा नं. ३ निवासी नरेस कुमार छन् ।

गोप्य सूचनाका आधारमा प्रहरीले बिहीबार बिहान रक्सौल–४ टुमरिया टोलस्थित सुरजको घरमा छापा मारेको थियो । सुरजको घरबाट ठूलो परिमाणमा लागु औषधको ट्याब्लेट र कफ सिरप बरामद गरिएको रक्सौलस्थित सम्वाददाता राजेश केशरीवालले जानकारी गराएका छन् ।

रक्सौलका अनुमण्डल प्रहरी उपरीक्षक मनीष आनन्दको नेतृत्वमा खटिएको विशेष टोलीले छापा मारी गर्दा १ सय बोतल कफ सिरप र ९ हजार ५ सय ३२ थान लागुऔषधको ट्याब्लेट बरामद भएको प्रहरीले जनाएको छ ।

छापामारीको क्रममा पहिले सुरज कुमार पक्राउ परेकोमा प्रहरीले सोधपुछ गर्दा अर्को व्यक्तिको नाम पनि खुलाएपछि सोही आधारमा तुमटियाटोला वार्ड नम्बर–३ निवासी नरेश कुमारलाई पनि पक्राउ गरिएको हो । प्रहरीका अनुसार पक्राउ परेका दुवै जना लामो समयदेखि आफ्नै घरबाट लागुऔषध बिक्री गर्दै आएका थिए ।

# कबिर बाल आश्रमलाई न्यानो कपडा सहयोग




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अंग्रेजी नयाँ वर्ष २०२६ को अवसर पारेर क्लोथ बैंक नेपालले कबिर बाल आश्रममा न्यानो कपडा सहयोग गरेको छ । संस्थाका अध्यक्ष डा. राजीव झाको नेतृत्वमा बिहीबार बिहान जनकपुरधामस्थित कबिर बाल आश्रममा आश्रित बालबालिकालाई न्यानो कपडा तथा सिरक सहयोग गरिएको हो ।

जाडोलाई मध्यनजर गर्दै क्लोथ बैंक नेपालले आश्रमका सञ्चालक सन्त सत्यनारायण आलोकलाई १५ थान ज्याकेट र ७ थान सिरक हस्तान्तरण गरिएको हो । सहयोगले आश्रममा बसोबास गरिरहेका बालबालिकालाई प्रत्यक्ष राहत पुग्ने विश्वास लिइएको छ ।

नयाँ वर्षको पहिलो दिन औपचारिक कार्यक्रमभन्दा सेवामूलक कार्यलाई प्राथमिकता दिएको उल्लेख गर्दै अध्यक्ष डा. झाले बिहानै फोनमार्फत शुभकामना आदान–प्रदान गरेका थिए । उनले भने, 'नयाँ वर्षको शुरुवात सेवा र सहानुभूतिबाट हुनु आफैंमा सकारात्मक सन्देश हो । समाजका विपन्न तथा असहाय वर्गका लागि सानो सहयोगले पनि ठूलो राहत दिन सक्छ ।'

सहयोग हस्तान्तरण कार्यक्रममा मधेश प्रदेशका डीआइजी गोविन्द थपलिया, समाजसेवी अमरचन्द्र अनिललगायतको उपस्थिति थियो ।

क्लोथ बैंक नेपालले आगामी दिनहरूमा पनि बालबालिका, वृद्ध, असहाय तथा विपन्न वर्गलाई लक्षित गरी न्यानो कपडा, खाद्यान्न तथा आवश्यक सामग्री वितरणका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# टायल्स उद्योगमा कार्यरत दुई मजदुरको मृत्यु

**मधेशदृष्टि**
**नवलपरासी ।**
बर्दघाट नगरपालिका–१२ भटौलियास्थित कजरिया रमेश टायल्स उद्योगमा कार्यरत दुई मजदुरको मृत्यु भएको छ । बुधबार राति उद्योगमा काम गरेर कोठामा सुतेका एक भारतीय र नेपाली मजदुरको मृत्यु भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेमा नवलपरासी बर्दघाट नगरपालिका–१३ धनेवाका ४० वर्षीय होमबहादुर थापा र भारत उत्तर प्रदेश प्रतापगढ जिल्ला ६६ ग्राम पोष्ट बस्ने ३० वर्षीय विनोदकुमार छन् । उनीहरूको मृत्युको कारण भने खुलेको छैन ।

उनीहरू उद्योगको ग्यासी फायरको पोकिङ् फ्लोरमा एकै ठाउँमा सुतेको अवस्थामा मृत फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी अनुपम श्रेष्ठले बताए । उद्योगले मृत अवस्थाका बारेमा जानकारी गराएपछि घटनास्थलमा प्रहरी पुगेको श्रेष्ठले बताए । यता घटनाबारे उद्योगका जनसम्पर्क वरिष्ठ प्रबन्धक रमेश न्यौपानेले ग्यास लिक नभइ कोठामा सुतेको अवस्थामा अक्सिजनको कमी भएर मृत्यु भएको हुनसक्ने बताए ।

# बाजागाजासहित पोल्ट्री दिवस मनाइयो

**चितवन ।**
तेह्रौँ राष्ट्रिय पोल्ट्री दिवस आज यहाँ बाजागाजासहित प्रभातफेरी गरेर मनाइएको छ । नेपाल कुखुरा व्यवसायी मञ्चको आयोजनामा पोल्ट्रीसँग सम्बन्धित विभिन्न सङ्घसंस्था र क्याम्पसका विद्यार्थीहरुको सहभागितामा पञ्चैबाजा, झाँकीसहित प्रभातफेरीका साथ दिवस मनाइएको हो ।

देशमा कुखुरापालन शुरु भएको दिनको सम्झनामा हरेक पुस १७ गते पोल्ट्री व्यवसायीहरुले यो दिवस मनाउने गरेका छन् ।

चितवन औद्योगिक प्रदर्शनी परिसरबाट प्रारम्भ भएको प्रभातफेरी चौबीसकोठी–हाकिमचोक– स्याउली बजार हुँदै पुनः प्रदर्शनी परिसरमा पुगेर समापन भएको थियो ।

प्रभातफेरीमा कृषि तथा वन विज्ञान विश्वविद्यालयका अध्यापक विद्यार्थी, जिल्ला पशु सेवा कार्यालयका प्रमुख, भरतपुर महानगरपालिकाको पशुपन्छी प्रवद्र्धन शाखाप्रमुख, यहाँस्थित विभिन्न सरकारी निकायका प्रतिनिधि, नेपाल ह्याचरी उद्योग सङ्घ, नेपाल दाना उद्योग सङ्घ, नेपाल लेयर्स कुखुरापालक सङ्घ, नेपाल पोल्ट्री सप्लायर्स कल्याणकारी सङ्घ र चितवन नवलपुर दाना वितरक सङ्घका प्रतिनिधि सहभागी थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन